**मिति २०८२।१२।०२ गते सर्वोच्च अदालतमा बेरितको आदेश बदर निवेदन दर्ता गरिएको विवरण।**

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको आदेश | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा निवेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १) | १. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन मन्त्री एवं नेपाल नागरिक उड्डयन प्राधिकरण सञ्चालक समितिका अध्यक्ष दिपक चन्द्र अमात्य<br>२. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन सचिव हाल सेवानिवृत्त सुशिल घिमिरे<br>३. संस्कृति, पर्यटन तथा नागरिक | गैरकानूनी लाभ हानी पुऱ्याई भ्रष्टाचार गरेको। | प्रतिवादीहरु लाल बहादुर खत्री, कमल कुमार भट्टराई, हंसराज पाण्डेय, कुल प्रसाद सिंखडा, द्वारिका प्रसाद भट्टराई, सुरेशमान श्रेष्ठ, सुरेश आचार्य, दिपक चन्द्र अमात्य, मोहनकृष्ण सापकोटा, मधुकुमार मरासिनी, प्रेम नाथ उपाध्याय, सुमन प्रसाद शर्मा, रामचन्द्र सुवेदी, भेषराज शर्मा, सुशिल घिमिरे, सूर्य प्रसाद आचार्य, त्रिरत्न मान्नधर, सुमन कुमार श्रेष्ठ र रञ्जनकृष्ण अर्याल समेतका जना १९ ले अन्य राष्ट्रसेवक प्रतिवादीहरु, China CAMC Engineering Co.Ltd. तथा उक्त कम्पनीका पदाधिकारीसँगको मिलेमतो तथा योजनामा आफूसमेतका प्रतिवादीहरुलाई गैरकानुनी लाभ र नेपाल सरकार/सार्वजनिक संस्था/नेपाल नागरिक उड्डयन प्राधिकरणलाई आरोप पत्रको तालिका नं. ५ मा विस्तृत विश्लेषण गरिए बमोजिम ७४,३४३,४५०.०० अमेरिकी डलर (अक्षरेपि सात करोड त्रिचालिस लाख त्रिचालिस हजार चार सय पचास अमेरिकी डलर) | **आदेशः**<br>विशेष अदालत काठमाण्डौंबाट प्रतिवादीहरु लाल बहादुर खत्री, कमल कुमार भट्टराई, हंसराज पाण्डेय, कुल प्रसाद सिंखडा, द्वारिका प्रसाद भट्टराई, सुरेशमान श्रेष्ठ, सुरेश आचार्य, दिपक चन्द्र अमात्य, मोहनकृष्ण सापकोटा, मधुकुमार मरासिनी, प्रेम नाथ उपाध्याय, सुमन प्रसाद शर्मा, रामचन्द्र सुवेदी, भेषराज शर्मा सूर्य प्रसाद आचार्य र त्रिरत्न मान्नधरलाई विशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय (ग) बमोजिम साधारण तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी र प्रतिवादी मध्येका सुशिल घिमिरेको हकमा बिशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय (घ) बमोजिम रु.१,५०,०००/- र सुमन कुमार श्रेष्ठ र रञ्जन कृष्ण अर्याल हकमा सोही ऐनको दफा ७ को देहाय (घ) बमोजिम जनही रु.१,००,०००/- धरौटी लिई मुद्दाको पुर्पक्ष गर्ने गरी आदेश भएको अवस्था देखिन्छ। | **उल्लिखित आधारहरु लिई विशेष अदालत काठमाण्डौबाट प्रतिवादीहरुलाई धरौटी माग गर्ने गरी भएको आदेश देहायका आधार, कारणहरुबाट बदरबागी रहेको छ-**<br><br>५.१ नेपाल नागरिक उड्डयन प्राधिकरणबाट पोखरामा क्षेत्रीय अन्तर्राष्टिय बिमानस्थल निर्माण गर्ने कार्यको शुरु चरण हेर्दा, मिति २०६६/०४/१३ मा राष्ट्रिय योजना आयोगका तत्कालीन उपाध्यक्ष युवराज खतिवडाको कार्यकक्षमा अर्थ/पर्यटन/उर्जा सचिव समेत सम्मिलित बैठकले पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि करिव २० करोड अमेरिकी डलर सहुलियत ऋण उपलब्ध गराउन चीन सरकारलाई अनुरोध गर्ने निर्णय भई मिति २०६६/०७/१८ (४ नोभेम्वर २००९) मा अर्थ मन्त्रालय र The Export-Import Bank of China (China EXIM Bank/एक्जिम बैंक)बीच विकास परियोजना संचालन गर्नको लागि चीन सरकारले २०० मिलियन अमेरिकी डलरको Concessional Loan उपलब्ध गराउने सम्बन्धमा Memorandum of Understanding (MoU) भएको देखिन्छ। यसै क्रममा मिति २०६७/०२/१९ (२ जुन २०१०) मा तत्कालीन अर्थ मन्त्री, पर्यटन मन्त्री, उर्जा मन्त्री, अर्थ सचिव, भौतिक सचिव, उर्जा सचिव समेतको बैठकले पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजना कार्यान्वयन गर्न खुल्ला प्रतिस्पर्धाद्वारा टर्न कि (Turn Key) आयोजनाको रुपमा काम गर्ने गरी चिनियाँ ठेकेदार मध्येबाट छनौट गरी सम्बन्धित संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले अर्थ मन्त्रालयलाई जानकारी दिए पश्चात अर्थ मन्त्रालयले ऋण सहायताको लागि चीन सरकारलाई औपचारिक अनुरोध गर्ने निर्णय भएको देखिन्छ। सोही निर्णयको आधारमा Turn Key आयोजनाको रुपमा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि खुला प्रतिस्पर्धाद्वारा चिनिया ठेकेदार छनौट गरी पठाइदिन मिति २०६७/०२/२७ मा अर्थ मन्त्रालयले पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई पत्राचार गरी पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण खरिद प्रक्रियाको चरणमा प्रवेश गरेको देखिन्छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | उड्डयन मन्त्रालयका तत्कालीन सचिव हाल सेवानिवृत्त वर्ष सुरेशमान श्रेष्ठ<br>४. अर्थ मन्त्रालयका तत्कालीन सचिव हाल सेवानिवृत्त **सुमन प्रसाद शर्मा**<br>५. कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयका तत्कालीन सचिव हाल सेवानिवृत्त **भेषराज शर्मा**<br>६. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन सहसचिव एवं नेपाल | | अर्थात रु.८,३६,७३,५५,२९७।५० (अक्षरेपि आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रुपैयाँ पचास पैसा) गैरकानूनी हानी पुर्‍याउने बद्नियतले स्वीकृत लागत अनुमान १६९,६९७,०००.०० अमेरिकी डलर भन्दा अस्वभाविक रुपमा लागत अनुमान ७४,३४३,४५०.०० अमेरिकी डलर बढाई संशोधन गरी गराई २४४,०४०,४५०.०० अमेरिकी डलर बढी मूल्य तिरी मनासिब कारण बिना अन्य राष्ट्रसेवक र गैरराष्ट्रसेवक निर्माण व्यवसायी समेतका प्रतिवादीहरुसँगको एक आपसको मिलेमतोमा यी प्रतिवादी समेतले आफूलाई गैरकानूनी लाभ र नेपाल सरकार/सार्वजनिक संस्था/नेपाल नागरिक उड्डयन प्राधिकरणलाई गैरकानूनी हानी पुर्‍याउने बद्नियतले लागत इष्टिमेट अस्वभाविक रूपमा बढाई संशोधन गरी काम गरे गराएको, सोही बढी दायित्व बहन गर्नुपर्ने गरी खरिद कार्यको सम्झौता गरी गराई सोही आधारमा | | ५.२ पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि तयार भएका लागत अनुमानका सन्दर्भमा हेर्दा, सर्वप्रथम उक्त अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि Japan International Cooperation Agency (JICA) ले विस्तृत अध्ययन गरी पेस गरेको निर्माण लागत अनुमान सहितको विस्तृत अध्ययन प्रतिवेदन १९८९ समेतलाई आधार लिई Joshi Associate Engineering Consultant ले दिएको निर्माण लागत अनुमान सहितको विस्तृत अध्ययन प्रतिवेदन बमोजिमको लागत अनुमानलाई नेपाल नागरिक उड्डयन प्राधिकरण सञ्चालक समितिको मिति २०६७/०६/०६ को बैठकले पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि १४५ मिलियन अमेरिकी डलर (भ्याट बाहेक) लागत अनुमान तय गरी अग्रिम कारबाहीको लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा लेखी पठाउने निर्णय भएको देखिन्छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट लागत अनुमान र EPC Document लगायतका कागजातहरुमा परामर्श र स्वीकृतिको लागि मिति २०६७/०७/१७ मा अर्थ मन्त्रालयमा पत्राचार भएको देखिन्छ। यसरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम तयार भएको लागत अनुमानलाई नेपाल नागरिक उड्डयन प्राधिकरण सञ्चालक समितिको मिति २०६७/०६/०६ को बैठकले स्वीकृत गरेको देखिन्छ। नेपाल नागरिक उड्डयन प्राधिकरणबाट पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय बिमानस्थल निर्माणको लागि EPC (Engineering, procurement Construction) Model बाट गर्ने गरि प्राधिकरण संचालक समितिको २०६८/१०/२४ मा बसेको २५० औं बैठकको निर्णयबाट अमेरिकी डलर १७०.५३ मिलियन अमेरिकी डलर (भ्याट सहित) लागत लाग्ने गरी तयार पारिएको EPC Document स्वीकृत गर्ने र मिति २०६८/१०/२६ को राष्ट्रिय दैनिक पत्रपत्रिकामा संलग्न सूचना प्रकाशित गर्ने निर्णय भएको देखिन्छ। उक्त लागत अनुमानमा मिति २०६९/०१/०२ गते प्राधिकरणमा तत्कालिन महानिर्देशक त्रिरत्न मानन्धरले माटोको काट्ने कामको रकम घटाउँदा हुन आउने अमेरिकी डलर १६९.६९७ मिलियन अमेरिकी डलर (भ्याट सहित) लाई संशोधित संशोधित लागत अनुमान कायम गरी सोही अनुसार Revised Bill of Quantity सबै Bidder लाई पठाउने भनी प्राधिकरणका महानिर्देशकबाट |

| | | | | | |
|---|---|---|---|---|---|
| | सरकारको सचिव पदबाट सेवानिवृत्त **मोहनकृष्ण सापकोटा**<br>७. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन सहसचिव तथा नेपाल नागरिक उड्डयन प्राधिकरण सञ्चालक समितिका सदस्य एवं नेपाल सरकारको सचिव पदबाट सेवानिवृत्त **सुरेश आचार्य**<br>८. अर्थ मन्त्रालयका तत्कालीन सहसचिव एवं नेपाल सरकारको | | अस्वभाविक रुपमा बढी मूल्य तिरी खरिद गरी गराई सोही बमोजिम भुक्तानी भएको देखिंदा निज प्रतिवादीहरु लाल बहादुर खत्री, कमल कुमार भट्टराई, हंसराज पाण्डेय, कुल प्रसाद सिंखडा, द्वारिका प्रसाद भट्टराई, सुरेशमान श्रेष्ठ, सुरेश आचार्य, दिपक चन्द्र अमात्य, मोहनकृष्ण सापकोटा, मधुकुमार मरासिनी, प्रेम नाथ उपाध्याय, सुमन प्रसाद शर्मा, रामचन्द्र सुवेदी, भेषराज शर्मा, सुशिल घिमिरे, सूर्य प्रसाद आचार्य, त्रिरत्न मान्नधर, सुमन कुमार श्रेष्ठ र रञ्जन कृष्ण अर्याल समेतलाई बिगो ७४,३४३,४५०.०० अमेरिकी डलर (अक्षेरेपि सात करोड त्रिचालिस लाख त्रिचालिस हजार चार सय पचास अमेरिकी डलर) अर्थात रु.८,३६,७३,५५,२९७।५० (अक्षेरेपि आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रुपैयाँ पचास पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (घ), (ङ) र (ज) विपरीतको कसूरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद | | मिति २०६९/०१/०२ मा निर्णय भई मिति २०६९/०१/०४ (१६ अप्रिल २०१२) मा सवै Bidder लाई Revised Bill of Quantity पठाएको देखिन्छ। बोलपत्रको म्याद थप सम्बन्धमा प्रतिनिधी सभा सार्वजनिक लेखा समितिको मिति २०६८/१२/१२ को निर्देशन र केही ठेकेदार कम्पनीको अनुरोधमा प्राधिकरण सञ्चालक समितिको मिति २०६९/०१/०९ को २५४ औं बैठकले बोलपत्र दाखिलाको म्याद थप १० दिन अर्थात् ४ मे २०१२ सम्म थप गर्ने निर्णय गरी सोको आधारमा मिति २०६८/१०/२६ (९ फेब्रुअरी २०१२) को The Kathmandu Post दैनिक पत्रिकामा EPC Contract अन्तर्गत ठेकेदार छनौटको लागि प्राधिकरणले ३० दिन अर्थात ९ मार्च २०१२ भित्र बोलपत्र फाराम खरिद गरी ४५ दिन अर्थात २४ मार्च २०१२ भित्र बोलपत्र फाराम दर्ता गराई सक्नेगरी ठेक्का नं. ०१/ATPDD/PRIA/२०११/१२ को बोलपत्र आह्वान गरेको देखिन्छ। यसरी प्राधिकरणका महानिर्देशकबाट मिति २०६९/०१/०२ मा स्वीकृत लागत अनुमान सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४ को उपनियम (२) को खण्ड (घ) सम्मत रहेको देखिन्छ। तसर्थ, उक्त लागत अनुमानलाई कानुनसम्मत अधिकारीबाट स्वीकृत भई सो को आधारमा बोलपत्रको कारबाही अगाडि बढेको देखिँदा १६९.६९७ मिलियन अमेरिकी डलर (३% कन्टिजेन्सी र १३% VAT समेत) लागत अनुमानले नै कानुनी ग्राह्यता प्राप्त अन्तिम लागत अनुमान रहेको स्पष्ट देखिन्छ।<br>मिति २०६८।०६।०६ मा नेपाल नागरिक उड्डयन प्राधिकरण संचालक समितिले विमानस्थलको लागत १४५ मिलियन अमेरिकी डलर ( भ्याट बाहेक) स्वीकृत गरे पश्चात उक्त अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि मिति २०६८/०८/२६ (१२ डिसेम्बर २०११) मा China CAMC Engineering Co. Ltd का Regional General Manager Mr. Liu Shengcheng ले पर्यटन मन्त्रीलाई सम्बोधन गरी पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि २८६.५२६ मिलियन अमेरिकी डलर लागत सहितको ३० डिसेम्बर २०११ सम्म मान्य हुने गरी आर्थिक एवं प्राविधिक प्रस्ताव र कम्पनीको योग्यता/सूचना/जानकारी समेत खुलाई प्रस्ताव पठाएको देखिन्छ। China CAMC Engineering Co. Ltd को १२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | सचिव पदबाट सेवानिवृत्त **मधुकुमार मरासिनी**<br>९. अर्थ मन्त्रालयका तत्कालीन उपसचिव हाल सेवानिवृत्त **लाल बहादुर खत्री**<br>१०. अर्थ मन्त्रालयका तत्कालीन उपसचिव हाल सेवानिवृत्त **प्रेम उपाध्याय भन्ने प्रेम नाथ उपाध्याय**<br>११. नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन उपनिर्देशक एवं हाल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको महाप्रबन्धक | | र बिगो ७४,३४३,४५०.०० अमेरिकी डलर (अक्षरेपि सात करोड त्रिचालिस लाख त्रिचालिस हजार चार सय पचास अमेरिकी डलर) अर्थात रु.८,३६,७३,५५,२९७।५० (अक्षरेपि आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रुपैयाँ पचास पैसा) बमोजिम जरिबाना सजाय गरी उक्त नोक्सानी भएको बिगो असुल उपर हुन मागदाबी लिइ बिशेष अदालतमा आरोपपत्र दायर गरिएको अवस्था छ। | | डिसेम्बर २०११ को प्रस्ताव उपर मिति २०६८/०९/०१ मा CAAN का महानिर्देशक सहितका पदाधिकारी र China CAMC का प्रतिनिधि बीचको बैठकबाट विमानस्थलमा लागत बढी पर्ने Concrete Pavement बनाउने, प्राधिकरणको डिजाइनमा Runway को Slope कम गर्दा लागत बढ्ने र प्रस्तुत डिजाइनमा Hanger र Taxiway को व्यवस्था हुनुपर्ने भनी छलफल भई मिति २०६८/०९/०६ मा सोही राय/प्रतिक्रिया पर्यटन मन्त्रालयमा पठाएको देखिन्छ। यसरी, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागत अनुमान १४५ मिलियन अमेरिकी डलर (भ्याट बाहेक) स्वीकृत भए लगत्तै China CAMC Engineering Co. ltd ले लागत अनुमान बढाई परियोजना लागत २८७ मिलियन अमेरिकी डलरमा निर्माण कार्य गर्न दिनुपर्ने भनी बद्नियत पूर्वक प्रचलित कानूनी विपरीत प्रस्ताव पेस गरेको देखिएबाट उक्त China CAMC Engineering Co. ltd कम्पनीले पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा बदनियतपुर्वक लागत अनुमान बढाई सोको ठेक्का प्राप्त गर्न हर सम्भव प्रयास गरेको देखिन्छ।<br>५.३ नेपाल नागरिक उड्डयन प्राधिकरण सञ्चालक समितिको मिति २०६८/०९/२१ को २४७ औं बैठकले सञ्चालक समितिको मिति २०६७/०६/०६ को (नेपाल नागरिक उड्डयन प्राधिकरण संचालक समितिले विमानस्थलको लागत १४५ मिलियन अमेरिकी डलर ( भ्याट बाहेक) स्वीकृत गर्ने निर्णय) निर्णय अनुरुपको मापदण्ड र China CAMC Engineering Co. Ltd को १२ डिसेम्बर २०११ को प्रस्तावमा फरक देखिएका संरचना, डिजाइन तथा लागत अनुमान समेतका विषयमा अध्ययन गरी पुनरावलोकन गर्न सञ्चालक समितिका सदस्य मनोज कार्कीको संयोजकत्वमा ४ (चार) सदस्यीय उप-समिति गठन गरेकोमा उक्त उपसमितिले नेपाल राष्ट्र बैंकको मुद्रास्फिति ९.६% का आधारमा लागत गणना गर्दा लागत १६६.४१ मिलियन अमेरिकी डलर (३% कन्टिजेन्सी र १३% VAT समेत) हुने, China CAMC Engineering Co. Ltd को प्रस्तावमा उल्लिखित लागत २८७ मिलियन अमेरिकी डलर उच्च देखिएकोले सोको औचित्य प्रष्ट्याउन नसकिने र कानुनी अड्चन आउने, China CAMC Engineering Co. Ltd ले पेस गरेको डिजाइन र स्पेसिफिकेशनको |

| | | | | | |
|---|---|---|---|---|---|
| | पदमा कार्यरत **हंसराज पाण्डे भन्ने हंसराज पाण्डेय**<br>१२.नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन प्रबन्धक हाल सेवानिवृत्त **राम चन्द्र सुवेदी**<br>१३.नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन वरिष्ठ कानुन अधिकृत एवं हाल सोही प्राधिकरणको प्रबन्धक पदमा कार्यरत **द्वारिका प्रसाद भट्टराई**<br>१४.नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन | | | | आधारमा कार्य अगाडि बढाउँदा पुन EIA गर्नुपर्ने र सोको लागि थप २ वर्ष लाग्ने भएकोले पूर्व स्वीकृत EPC टेण्डर डकुमेण्टमा व्यवस्था भएको आवेदकको लागि आवश्यक न्यूनतम ग्राह्यता (Eligibility) यथावत कायम रहन र परियोजनाको लागत मुद्रास्फितिको आधारमा US$ १६६.४१ million लाई आधार मानी नेपालको प्रचलित कानुन अनुरुप प्रतिस्पर्धाको माध्यमबाट गर्न उचित हुने, अर्थ मन्त्रालय वैदेशिक सहायता समन्वय महाशाखाको मिति २०६७/०२/२७ को पत्र अनुसार पोखरा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थल आयोजना कार्यान्वयन गर्न खुल्ला प्रतिस्पर्धाद्वारा Turnkey आयोजनाको रुपमा काम गर्ने गरी चिनियाँ ठेकेदारहरु मध्येबाट छनौट गरी २०१० डिसेम्बर भित्र जानकारी पठाउन हुन भनी लेखी आएकोले सोहि अनुरुप EPC Contract अगाडि बढाउन मनासिव देखिन्छ भन्ने समेत व्यहोराको प्रतिवेदन पेस गरेको देखिन्छ। उक्त उपसमितिको प्रतिवेदनसमेतको आधारमा नेपाल नागरिक उड्डयन प्राधिकरण सञ्चालक समितिको मिति २०६८/१०/२४ को २५० औं बैठकले यस अघि समितिबाट स्वीकृत EPC Document लाई आवश्यकतानुसार परिमार्जन गरी अमेरिकी डलर १७०.५३ मिलियन (३ प्रतिशत कन्टीजेन्सी र १३ प्रतिशत भ्याट सहित) कुल लागत लाग्ने गरी तयार पारिएको EPC Document स्वीकृत गर्ने; चिनियाँ कम्पनी, चिनियाँ साझेदारी कम्पनी वा चिनियाँ नेपाली साझेदारी कम्पनी (तर चिनियाँ कम्पनीको लगानी ५१ प्रतिशतभन्दा बढी हुनुपर्ने) हरुको लागि मात्र सहभागिता हुनेगरी ४५ दिनको म्याद दिई मिति २०६८/१०/२६ को राष्ट्रिय दैनिक पत्रपत्रिकामा संलग्न सूचना प्रकाशित गर्ने भनी गरेको निर्णय को आधारमा मिति २०६८/१०/२६ (९ फेब्रुअरी २०१२) को The Kathmandu Post दैनिक पत्रिकामा EPC Contract अन्तर्गत ठेकेदार छनौटको लागि प्राधिकरणले ३० दिन अर्थात ९ मार्च २०१२ भित्र बोलपत्र फाराम खरिद गरी ४५ दिन अर्थात २४ मार्च २०१२ भित्र बोलपत्र फाराम दर्ता गराई सक्ने गरी ठेक्का नं. ०१/ATPDD/PRIA/२०११/१२ को बोलपत्र आह्वान गरेको देखिन्छ। त्यसैगरी उक्त ठेक्का नं. ०१/ATPDD/PRIA/२०११/१२ को ठेक्काको बोलपत्र प्रस्ताव पेस गर्ने China CAMC Engineering Co. Ltd. लगायत जम्मा ३ वटा कम्पनी रहेकोमा उक्त कम्पनीहरु मध्ये लागत |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रबन्धक हाल सेवानिवृत्त वर्ष ४८ का **कुल प्रसाद सिंखडा**<br>१५. अर्थ मन्त्रालयका तत्कालीन शाखा अधिकृत एवं हाल अर्थ मन्त्रालयका उपसचिव पदमा कार्यरत **कमल कुमार भट्टराई**<br>१६. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन सहसचिव एवं नेपाल सरकारको सचिव पदबाट सेवानिवृत्त **रञ्जन कृष्ण अर्याल**<br>१७. नेपाल नागरिक उड्डयन | | | | अनुमान १४५ मिलियन अमेरिकी डलर स्वीकृत भए लगत्तै China CAMC Engineering Co. Ltd. ले लागत अनुमान बढाई परियोजना लागत २८७ मिलियन अमेरिकी डलरमा निर्माण कार्य गर्न दिनुपर्ने भनी प्रचलित कानूनी विपरीत प्रस्ताव पेस गर्नु नै China CAMC Engineering Co. ltd को बद्नियत पूर्ण कार्य रहेको स्पष्ट देखिन्छ।<br>५.४ पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय बिमानस्थल निर्माणको उक्त ठेक्का नं. ०१/ATPDD/PRIA/२०११/१२ को बोलपत्र मूल्याङ्कन गर्नको लागि प्राधिकरण सञ्चालक समितिको मिति २०६९/०२/३१ को २५६ औं बैठकले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४७ बमोजिम प्राधिकरणका निर्देशक मुकुन्द भण्डारीको संयोजकत्वमा मूल्याङ्कन समितिको गठन गरेको देखिन्छ भने प्राविधिक र आर्थिक प्रस्ताव अलग अलग खाममा सिलबन्दी गरी पेस गर्ने पद्धति (Sealed Two Envelope System) अन्तर्गत शुरु भएको खरिद प्रकृयाको बोलपत्रको चरणमा प्राबिधिक मूल्याङ्कन गर्दा नै China CAMC Engineering Co.Ltd. लगायतका ३ वटै बोलपत्रदाताले Technical Experience पूरा नगरेको भनी मूल्यांकन प्रतिवेदन पेश भएकोमा खरिद प्रक्रियामा ३ वटै बोलपत्रदाताहरु अनुत्तिर्ण भई खरिद प्रकृया नै रद्द गर्नुपर्ने सार्वजनिक खरिद ऐन २०६३ को दफा २६(१)(ख) लगायतका कानूनी प्रावधानहरुको अनिवार्य पालना गर्नु पर्ने कर्तव्य भएका यि राष्ट्र सेवक प्रतिवादीहरुले सो अनुसार नगरी प्राविधिक प्रस्तावको मुल्यांकनको चरणमा Technical Experience पूरा नगरि Disqualify भएका बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव समेत खोलेर मूल्यांकन गर्ने कार्य बदनियतपुर्ण देखिन्छ। आर्थिक प्रस्तावको मूल्यांकनमा समेत ३ वटै बोलपत्रदाताले कबोल गरेको रकम प्राधिकरणबाट स्वीकृत लागत अनुमान अस्वभाविक रुपमा बढी भएकोले सारभूतरुपमा प्रभावग्राही नरहेका भनी मूल्यांकन प्रतिवेदन पेश भैसकेको अबस्थामा सार्बजनिक खरिद ऐन, २०६३ को दफा २३,२४ र २६ समेतका प्रचलित कानून बमोजिम उक्त खरिद प्रकृया रद्द/अस्वीकृत गरी पुनः नयाँ प्रकृयामा जानु पर्नेमा सो अनुसार नगरी बदनियतपुर्बक खरिद प्रक्रिया अगाडी वढाएको प्रष्टै देखिन्छ। यसरी बोलपत्रदाता China CAMC Engineering Co.Ltd. र यि प्रतिवादीहरुको मिलेमतोमा China CAMC Engineering Co.Ltd वार्ताको लागि लिखित |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्राधिकरणका तत्कालीन महानिर्देशक हाल सेवानिवृत्त **त्रिरत्न मानन्धर**<br>१८.भन्सार विभागका तत्कालीन महानिर्देशक तथा नेपाल नागरिक उड्डयन प्राधिकरण सञ्चालक समितिका सदस्य एवं नेपाल सरकारको सचिव पदबाट सेवानिवृत्त **सूर्य प्रसाद आचार्य**<br>१९.नेपाल नागरिक उड्डयन प्राधिकरण, बबरमहलका तत्कालीन उपमहानिर्देशक हाल | | | | प्रस्ताव पेश गरेको देखिन्छ।सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत सार्बजनिक खरिद ऐन, २०६३ तथा सार्बजनिक खरिद नियमावली,२०६४ बमोजिम बार्ता गर्ने प्राबधान नै नभएको भनी विषय विज्ञ निकायले स्पष्ट राय उपलब्ध गराएको अबस्थामा उक्त राय प्राप्त हुदाँ हुदै जसरी पनि बार्ता मार्फत ठेक्का प्राप्त गर्ने बदनियत राखी China CAMC Engineering Co.Ltd ले वार्ताको लागि पुनःप्रस्ताव पेश गरेको देखिन्छ भने प्राधिकरणका पदाधिकारी/कर्मचारी लगायतका यि प्रतिवादीहरु समेतले कानुन विपरीत China CAMC Engineering Co.Ltd को वार्ताको प्रस्तावलाई स्वीकार गरेको देखिन्छ। बोलपत्र आह्वान गर्दाको बखत नै जारी भएको BID Document मा पोखरा क्षेत्रीय अन्तर्राष्टिय बिमानस्थलको Master plan लगायतका Feasibility study Report समाबेश भएको, प्रिविड बैठकमा नै सो बिषयलाई प्राधिकरणको तर्फबाट स्पष्ट गरी सोमा सहमत भई China CAMC Engineering Co.Ltd ले बोलपत्र दाखिल गरेकोमा प्रस्ताब अस्वीकृतिको जानकारी पाए पश्चात बोलपत्रदाताले पुनः Feasibility study Report तयार गर्नुपर्ने भनी थप शर्त राखी पत्राचार गर्ने कार्य गर्नु र त्यस्ता सरासर कानून विपरीतका सर्तलाई जानी बुझि सहजरुपमा स्वीकार गरी बाँकी प्रकृयालाई अगाडि बढाउन आमन्त्रण गर्ने प्राधिकरणको उक्त कार्य सार्बजनिक खरिद ऐन, २०६३ बमोजिम अपनाउनु पर्ने पारदर्शीता र प्रतिस्पर्धाका मूलभूत सिद्धान्त प्रतिकुलको भई कानूनको ठाडो उल्लंघन भएकोले यी प्रतिवादीहरुको कसूरजन्य कार्यमा बदनियतपूर्ण संलग्नता थप पुष्टि भएको देखिन्छ।यसको साथै We would like to express our commitment to implement the project remaining within the framework of cost estimate made by Civil Aviation Authority of Nepal भन्ने प्रतिबद्धता सहित बोलपत्रदाता China CAMC Engineering Co.Ltd ले ४ डिसेम्बर २०१२ मा वार्ता गर्ने प्रस्ताव पेस गरेकोमा सोही बोलपत्रदाताले Feasibility study Report तयार गरी सोको आधारमा Bill of quantity and contract price तय हुनु पर्ने भनी सर्त राखी पुनः १४ मार्च २०१३ मा प्राधिकरणलाई पत्राचार गरी कपटपूर्ण तरिकाले परियोजना लागत बढाई आफु समेतले गैरकानूनी लाभ प्राप्त गर्ने बिभिन्न बहाना बनाई सर्तहरू थप गर्दै गएको र उक्त सर्तलाई प्राधिकरणको १७ मार्च २०१३ को पत्रको |

| | | | | | |
|---|---|---|---|---|---|
| | सेवानिवृत्त **सुमन कुमार श्रेष्ठ** | | | | व्यहोराले स्वीकार गरेको देखिँदा यस्तो कार्यवाट यी प्रतिबादीहरूले एक आपसको मिलोमतो गरी उक्त कम्पनिले पेश गरेको वार्ताको प्रस्तावलाई नै स्वीकार गरी सम्झौता गरी निर्माण कार्य अगाडी बढाएको मिसिल संलग्न कागजातबाट स्थापित भएको छ।यस स्थितिमा तत्काल प्राप्त प्रमाणका आधारमा यि प्रतिवादीहरु कसूरदार हुन भनि विश्वास गर्नु पर्ने मिशिल संलग्न उल्लिखित पर्याप्त सबुद प्रमाण एवं ति प्रमाणबाट कसूरदार भएको देखिने मनासिव आधारहरु हुदाँ हुदै विशेष अदालत, काठमाण्डौवाट थुनछेकको रोहमा उक्त प्रमाणहरुको उचित मुल्यांकन नगरि यि प्रतिवादीहरुलाई साधारण तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्ने गरि भएको आदेश बेरितको देखिंदा बदर भागी छ।<br>५.५ पोखरा क्षेत्रीय अन्तर्राष्टिय बिमानस्थल निर्माणको लागि बोलपत्रदाता China CAMC Engineering Co.Ltd को १४ मार्च २०१३ को पत्रमा उल्लेख भए अनुसार China Airport Construction Group Corporation (CACC) र बोलपत्रदाता कम्पनी China CAMC Engineering Co.Ltd ले तयार गरेको बिमानस्थल निर्माणको लागि २६४.९५८मिलियन अमेरीकी डलर लागत लाग्ने भन्ने समेत व्यहोरा उल्लेख भई तयार भएको Feasibility study Report उपर नेपाल नागरिक उड्डयन प्राधिकरणको तर्फवाट यि प्रतिवादी सुमन कुमार श्रेष्ठ, कुल प्रसाद सिंखडा, हंस राज पाण्डेय समेतका अन्य प्रतिवादीहरु महेश कुमार बस्नेत, तत्कालीन उपनिर्देशक अशोक कुमार सुबेदी, तत्कालीन उपनिर्देशक सुवर्णराज उपाध्याय, तत्कालीन प्रबन्धक मुरारी भण्डारी, तत्कालीन उपनिर्देशक नारायण गिरी, तत्कालीन उपप्रबन्धक प्रदीप अधिकारी र तत्कालीन निर्देशक वावुराम पौडेल समेतको संलग्नतामा China Airport Construction Group Corporation (CACC) र बोलपत्रदाता कम्पनी China CAMC Engineering Co.Ltd का प्रतिनिधि सहित जुलाई ९ देखि १६,२०१३ (मिति २०७०/०३/२५ देखि २०७०/०४/०१ सम्म) मा बैठक बसी उक्त Feasibility Study Report लाई Highly appreciated भन्दै बैठकले निर्णय माइन्युट गरेको र बिमानस्थल निर्माणको लागि २६४.९५८ मिलियन अमेरीकी डलर लागत लाग्ने भन्ने सम्बन्धमा यि प्रतिवादीहरु सुमन कुमार श्रेष्ठ, कुल प्रसाद सिंखडा, हंस राज पाण्डेय समेतले कुनै |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्रतिक्रिया उल्लेख नगरी लागत बढ्ने गरि पेश भएको Feasibility Study Report स्वीकार तथा स्वामित्वग्रहण गरेको देखिन्छ ।उक्त बैठकबाट भएको निर्णयको आधारमा नै China CAMC Engineering Co.Ltd को बदनियतपुर्ण मिलोमतोमा परियोजना लागत बढाउने उद्देश्यलाई औपचारिक प्रक्रिया भित्र प्रबेश गरे गराएको र सोही Feasibility study Report समेतको आधारमा राय परामर्श दिन भनी नेपाल नागरिक उड्डयन प्राधिकरणले मिति २०७०/०५/२९ मा सर्वोच्च अदालतका पूर्व रजिष्ट्रार डा.रामकृष्ण तिमिल्सिनाको संयोजकत्वमा डा.पुरुषोत्तम डंगोल र विनोदानन्द चौधरी सदस्य रहनेगरी परामर्शदाता टोली गठन गरी उक्त टोलीले मिति २०७०/०७/२९ मा सोही Feasibility study Report समेतलाई आधार मानी २१५.९६५ मिलियन अमेरिकी डलर (मू.अ.कर बाहेक) लागतको सीमा कायम गरी खरिद प्रक्रियालाई निरन्तरता दिन सिफारिस सहितको प्रतिवेदन दिएको देखिन्छ। उक्त परामर्शदाता टोलीको प्रतिवेदन समेतको आधारमा Commercial Contract Agreement तयार गर्न प्राधिकरणका तत्कालिन उपमहानिर्देशक यि प्रतिवादी सुमन कुमार श्रेष्ठको संयोजकत्वमा यि प्रतिवादीहरु हंसराज पाण्डेय कुल प्रसाद सिंखडा, रामचन्द्र सुवेदी र द्धारिका प्रसाद भट्टराई समेत रहेको प्राविधिक समेतले China CAMC Engineering Co.Ltd कम्पनीकै प्रतिनिधिहरुसँग २९ अप्रिल देखि ६ मे २०१३ (२०७१/०१/१६ देखि २३ सम्म) पटक पटक वार्ता गरी २१५.९६५ मिलियन अमेरिकी डलर (भ्याट बाहेक) सम्झौता रकम कायम गरी खरिद सम्झौता गर्न मिति २०७१/०१/२३ मा सिफारिस सहित प्रतिवेदन पेस गरेको र सोही प्रतिवेदनसाथ पेस भएको मस्यौदा अनुसार नै २२ मे २०१४ (मिति २०७१/०२/०८) मा खरिद सम्झौता (Contract Agreement) भएको देखिन्छ।<br>Commercial Contract Agreement भएपश्चात लागत अनुमानमा रकम बढ्न गएको विषयमा थप हुन गएका Item र पेस गरिएको Price Index बढ्न गएको रकम लगायतका विषयमा Domestic र Foreign Item छुट्याई थप विश्लेषण गर्न उपयुक्त हुने भनी मिति २०७१/०५/२४ मा तत्कालीन पर्यटन सचिव सुरेशमान श्रेष्ठको कार्यकक्षमा तत्कालीन अर्थ सचिव सुमन प्रसाद शर्मा र प्राधिकरणका महानिर्देशक रतिश चन्द्रलाल सुमन समेतले |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | छलफल गरी सोका आधारमा नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन आयोजना निर्देशक प्रदीप अधिकारीले सोही दिन (९ सेप्टेम्बर २०१४) मा ०१/ATPDD/NPRIA/२०११-१२, Review Report on Pokhara Regional International Airport for EPC Contract Procedure विषयमा इन्जिनीयरिङ्ग अध्ययन संस्थानलाई पत्राचार गरेकोमा उक्त संस्थानका तर्फबाट प्रा.डा.रबिन्द्रनाथ श्रेष्ठ, उप-प्राध्यापक सन्तोष कुमार श्रेष्ठ र उप-प्राध्यापक सूर्य ज्ञवालीको टोलीको समिति गठन भई उक्त समितिबाट बद्नियत राखी आफ्नो प्राज्ञिक पद तथा ओहोदाको दुरुपयोग गरी बद्नियत राखी Inflation समेतको आधारमा परियोजना लागत मूल्य अभिबृद्धी कर बाहेक २३०.०६५ मिलियन अमेरिकी डलर हुने भनी सिफारिस सहितको प्रतिवेदन प्राधिकरणमा मिति २०७१/०५/२७ मा पेस गरे गराएको देखिन्छ। उक्त प्रतिवेदनलाई प्राधिकरणका महानिर्देशक रतिश चन्द्रलाल सुमनले मिति २०७१/०५/२९ मा तत्कालीन पर्यटन सचिवलाई सम्बोधन गरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पठाएको देखिन्छ।<br>मन्त्रिपरिषद्ले मिति २०६९/११/०४ मा गरेको निर्णय भन्दा फरक हुनेगरी Commercial Agreement को रकम स्वीकृत लागत अनुमान भन्दा बढी हुनुको उपयुक्त पुष्ट्याईं तथा Commercial Agreement गर्नुपर्नाको कारण आधार खुलाई पठाउन अर्थ मन्त्रालयले मिति २०७१/०६/०८ को पत्र (शाखा अधिकृत कमल कुमार भट्टराई, सहसचिव मधुकुमार मरासिनी र सचिव सुमन प्रसाद शर्माको निर्णयले) बाट संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा लेखी पठाए पश्चात संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले मिति २०७१/०६/१२ को पत्र (उपसचिव हरि बहादुर खड्का, सहसचिव मोहनकृष्ण सापकोटा र सचिव सुरेशमान श्रेष्ठबाट स्वीकृत भई) बाट नेपाल नागरिक उड्डयन प्राधिकरणमा अर्थ मन्त्रालयले उठाएका विषयमा जवाफ माग गरेकोमा नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन महानिर्देशक रतिश चन्द्रलाल सुमनले मिति २०७१/०६/१२ कै पत्रबाट इन्जिनीयरिङ्ग अध्ययन संस्थानको मिति २०७१/०५/२७ को प्रतिवेदनले समेत Commercial Contract Agreement अंक २१५.९६५ मिलियन अमेरिकी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | डलरको पुष्ट्याईं गरेकोले सोही रकम संशोधित स्वीकृत लागत भएको भन्ने समेत व्यहोरा खुलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पठाएको देखिन्छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले प्राधिकरणबाट प्राप्त उक्त व्यहोरा अनुसार नै Commercial Contract Agreement अंक २१५.९६५ मिलियन अमेरिकी डलरको पुष्ट्याईं/मनासिव भएको निर्णय (उपसचिव हरि बहादुर खड्का, सहसचिव मोहनकृष्ण सापकोटा, सचिव सुरेशमान श्रेष्ठ र मन्त्री दिपकचन्द्र अमात्यको स्वीकृतिमा) सहित ऋण सहायताको प्रक्रिया अगाडि बढाउन मिति २०७१/०६/१४ मा अर्थ मन्त्रालयमा पठाएको देखिन्छ। यसरी, अस्वाभाविक लागत अनुमान बढाई अस्वाभाविक मूल्य तिरी पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय बिमानस्थल निर्माणको खरिदको Commercial Contract Agreement भएतापनि बोलपत्र आह्वानको सूचनामा नै China Exim Bank सँग ऋण सम्झौता नभएसम्म पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण सम्झौता कार्यन्वयनमा आउन नसक्ने भई माथि विवेचित राष्ट्रसेवक प्रतिवादीहरु र China CAMC Engineering Co. Ltd तथा उक्त कम्पनीका पदाधिकारीहरुले सम्झौता बमोजिमको नगद वा अन्य गैरकानूनी लाभ प्राप्त गर्न उक्त अस्वाभाविक लागत अनुमान बढाउनुका आधार कारण तथा औचित्य पुष्टि गर्नलाई कानुन विपरीतको कार्य गरी गराई हरसम्भव प्रयास गरे गराएको देखिन्छ। उक्त बद्नियतपूर्ण कार्य गरी गराई बढाईएको लागत अनुमानलाई जसरी पनि मन्त्रिपरिषद् बाट स्वीकृत गरी गराई सोही आवरणमा आफूसमेतका प्रतिवादीहरु कसूर सजायबाट बच्न पटक पटक प्रस्ताव मन्त्रिपरिषद् मा लगेतामा बढाईएको लागत अनुमानमा स्वीकृती दिएको देखिंदैन। राष्ट्रसेवक तथा गैरराष्ट्रसेवक प्रतिवादीहरु र China CAMC Engineering Co. Ltd तथा उक्त कम्पनीका पदाधिकारीहरुले Commercial Contract Agreement बमोजिमको सम्झौता कार्यान्वयन गरी आफूसमेतले गैरकानूनी लाभ प्राप्तिको लागि मिति २०७१/०७/०३ मा अर्थमन्त्रीको कार्यकक्षमा तत्कालीन अर्थमन्त्री डा.रामशरण महत, अर्थ सचिव सुमन प्रसाद शर्मा, कानुन सचिव भेषराज शर्मा, निमित्त पर्यटन सचिव मोहनकृष्ण सापकोटा, अर्थ मन्त्रालयका सह-सचिव मधुकुमार मरासिनी, पर्यटन मन्त्रालयका उप-सचिव हरि बहादुर खड्का, अर्थ मन्त्रालयका उप- |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सचिव लाल बहादुर खत्री, अर्थ मन्त्रालयका उप-सचिव प्रेम उपाध्याय, अर्थ मन्त्रालयका शाखा अधिकृत कमल कुमार भट्टराई, प्राधिकरणका महानिर्देशक रतीशचन्द्र लाल सुमनसमेतको नेपाल सरकारको विशिष्ट दर्जासमेतका कानून, राजस्व लगायतको विषयमा विशेष दखल राखी ज्ञान सिप तथा अनुभवसमेत भएका राष्ट्रसेवकहरु बैठक बसी बसाई आफ्नो पद ओहोदा तथा सुविधाको दुरुपयोग गरी गराई बद्नियत राखी अन्य राष्ट्रसेवक प्रतिवादीहरु तथा China CAMC Engineering Co. Ltd समेत सँगको मिलेमतो तथा योजनामा गैरकानूनी रुपमा परिमार्जित लागत अनुमान २१५.९६५ मिलियन अमेरिकी डलर अनुसार आयोजना कार्यान्वयन गर्न कारबाही अगाडि बढाउन नेपाल सरकार मन्त्रिपरिषद्को स्वीकृतिका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले प्रस्ताव पेस गर्ने निर्णय गरे गराएको तथ्य स्थापित भएको देखिन्छ।<br>यसरी, China CAMC Engineering Co. Ltd लाई नै उक्त बढाएको लागत अनुमानमा ठेक्का दिएको कार्यान्वयन गरी गराई लाभ प्राप्तिको लागि नै माथि उल्लिखित राष्ट्रसेवकहरुले अस्वाभाविक लागत अनुमान बढाई अस्वाभाविक मूल्य तिरी खरिद गर्न लागेको जानी जानी बद्नियत राखी परिमार्जित लागत अनुमान २१५.९६५ मिलियन अमेरिकी डलर अनुसार आयोजना कार्यान्वयन गर्न कारबाही अगाडि बढाउन भनी निर्णय गरे गराएको देखिएकोमा सोही बमोजिम अर्थ मन्त्रालयको च.नं. ८३२ मिति २०७१/०७/०४ को पत्रबाट उक्त निर्णय माइन्युटलाई आवश्यक कार्यार्थ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पठाएको देखिन्छ । सो पश्चात संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले मिति २०७१/०७/०९ को निर्णय (उपसचिव हरि बहादुर खड्का सहसचिव मोहनकृष्ण सापकोटा सचिवसुरेशमान श्रेष्ठ र मन्त्रीदिपकचन्द्र अमात्यको संलग्नता भएको) ले पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल EPC Model बमोजिम नेपाल नागरिक उड्डयन प्राधिकरणबाट परिमार्जित लागत तथा डिजाइन अनुसार कार्यान्वयन गर्न स्वीकृति दिने भन्ने बेहोरा निर्णय हुन प्रस्ताव पेस गरेकोमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७१/०७/१० को बैठकबाट ×चिनिया सहुलियत पूर्ण ऋण अन्तर्गत पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको EPC Model बाट गरिने निर्माण |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कार्यको लागि आवश्यक पर्ने रकमको व्यवस्था अर्थ मन्त्रालयले गर्ने" भन्ने निर्णय भएको देखिन्छ। तत् पश्चात संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले मिति २०७१/०७/१३ को पत्र (उपसचिव हरि बहादुर खड्का, सहसचिव मोहनकृष्ण सापकोटा, सचिव सुरेशमान श्रेष्ठ र मन्त्री भीम प्रसाद आचार्यको संलग्नतामा मिति २०७१/०३/०३ मा भएको निर्णय अनुसार) बाट प्राधिकरणका महानिर्देशकले हस्ताक्षरित Loan Application Form संलग्न गरी आवश्यक कारबाहीको लागि अर्थ मन्त्रालयमा पठाएकोमा अर्थ मन्त्रालयले मिति २०७१/०७/१४ मा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको लागि सम्झौता भएको रकम २१५.९६५ मिलियन अमेरिकी डलर China Exim Bank सँग ऋण सहायता माग गर्न Loan Application Form मा अन्तर्राष्ट्रिय महाशाखाका सह-सचिवले हस्ताक्षर गरी पठाउने निर्णय (शाखा अधिकृत कमल कुमार भट्टराई, सहसचिव मधुकुमार मरासिनी, सचिव सुमन प्रसाद शर्मा र मन्त्री रामशरण महतको संलग्नतामा) भई ३१ अक्टोबर २०१४ तदनुसार मिति २०७१/०७/१४ मानै अर्थ मन्त्रालयको Ref No.९१६ बाट Loan Application Form सहित Exim Bank of China मा पत्राचार गरे गराएको तथ्य पुष्टि भएको देखिन्छ।<br>अतः माथि विवेचना गरिए बमोजिमका यि प्रतिवादीहरुले China CAMC Engineering Co. Ltd तथा उक्त कम्पनीका पदाधिकारीहरु सँगको मिलेमतो तथा योजनामा स्वीकृत लागत अनुमान १६९.६९७ मिलियन अमेरिकी डलरलाई अस्वाभाविक रुपमा बढाई सोहीको आधारमा मूल्य अभिबृद्धि कर र कन्टेन्जिन्सी बाहेक २१५.९६५ मिलियन अमेरिकी डलर (मूल्य अभिबृद्धि कर समेत २४,४०,४०,४५०.०० अमेरिकी डलर) मूल्य कायम गरी Commercial Contract Agreement गरी गराई उक्त सम्झौता कार्यान्वन गर्न China Exim Bank सँग ऋण सहायता माग गर्न अर्थ मन्त्रालय शाखा अधिकृत कमल कुमार भट्टराई, उपसचिव लाल बहादुर खत्री, सहसचिव मधुकुमार मरासिनी, सचिव सुमन प्रसाद शर्मा र मन्त्री डा.रामशरण महत संलग्न रही मिति २०७१/०७/१४ मा निर्णय गरी गराई China Exim Bank मा Loan Application Form पठाई/सम्झौता गरी गराई पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय बिमानस्थल निर्माणको ठेक्का कार्यान्वयन गरी गराई स्वीकृत लागत अनुमान भन्दा बढी अस्वाभाविक मूल्य कायम |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गरी मिति २०७५/०४/२५ (१० अगष्ट २०१८) देखि मिति २०८०/११/०८ (२० फेब्रुअरी २०२४) सम्मको अवधिमा २२,४७,७२,०८७.९६ अमेरिकी डलर अर्थात १,४१,९३,४५,८२६.६५ RMB रकम (मूल्य अभिबृद्धि कर समेत) निर्माण व्यवसायी China CAMC Engineering Co. Ltd लाई भुक्तानी भएकोमा माथि विवेचना गरिए बमोजिम उक्त भुक्तानी भएको रकम मध्ये ७४,३४३,४५० अमेरिकी डलर अस्वाभाविक लागत अनुमान बढाई सोहीको आधारमा अस्वाभाविक मूल्य तिरी निर्माण खरिद गरी गराई China CAMC Engineering Co. Ltd लाई भुक्तानी गरि नेपाल नागरिक उड्डयन प्राधिकरणलाई बिगो ७४,३४३,४५०.०० अमेरिकी डलर (अक्षरेपि सात करोड त्रिचालिस लाख त्रिचालिस हजार चार सय पचास अमेरिकी डलर) अर्थात रु.८,३६,७३,५५,२९७।५० (अक्षरेपि आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रुपैयाँ पचास पैसा) नोक्सानी पुर्याएको तथ्य स्थापित भएको देखिंदा देखिँदै मिसिल संलग्न उक्त तत्काल प्राप्त प्रमाणको विवेचना नगरी विशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम थुनामा राखी मुद्दाको पुर्पछ गर्नुपर्ने यी प्रतिवादीहरु लाल बहादुर खत्री, कमल कुमार भट्टराई, हंसराज पाण्डेय, कुल प्रसाद सिंखडा, द्वारिका प्रसाद भट्टराई, सुरेशमान श्रेष्ठ, सुरेश आचार्य, दिपक चन्द्र अमात्य, मोहनकृष्ण सापकोटा, मधुकुमार मरासिनी, प्रेम नाथ उपाध्याय, सुमन प्रसाद शर्मा, रामचन्द्र सुवेदी, भेषराज शर्मा, सूर्य प्रसाद आचार्य र त्रिरत्न मान्नधरलाई बिशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय (ग) बमोजिम साधारण तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी र प्रतिवादी मध्येका सुशिल घिमिरेको हकमा बिशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय (घ) बमोजिम रु.१,५०,०००/- र सुमन कुमार श्रेष्ठ र रञ्जन कृष्ण अर्याल हकमा सोही ऐनको दफा ७ को देहाय (घ) बमोजिम जनही रु.१,००,०००/- धरौटी लिई मुद्दाको पुर्पक्ष गर्ने गरी भएको आदेश प्रमाण मूल्यांकनको रोहमा बेरितको देखिंदा बदर भागी छ।<br>५.५ प्रस्तुत मुद्दाको आरोप पत्रमा प्रतिवादी कायम गरिएका निम्न प्रतिवादीहरुले देहाय अनुसारको भ्रष्टाचारजन्य कसूर गरेको तथ्य स्थापित भएको देखिन्छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | (क) अर्थ मन्त्रालयका तत्कालीन सहसचिव प्रतिवादी मधुकुमार मरासिनी, सोही मन्त्रालयमा तत्कालिन उपसचिव लाल बहादुर खत्री र सोही मन्त्रालयका तत्कालिन शाखा अधिकृत कमल कुमार भट्टराईको हकमा हेर्दा निज प्रतिवादीहरुले बदनियत राखी आफ्नो पदको दुरुपयोग गरी गराई कुनै पनि बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही नभएको भनी मूल्याङ्कन समितिको प्रतिवेदन प्राप्त भई सकेको स्थितिमा सार्वजनिक खारिद ऐनको दफा २६(१)(ख) बमोजिम उक्त बोलपत्रहरु अनिवार्य रद्द गर्नुपर्नेमा सोको विपरीत प्राविधिक प्रस्ताव मै Disqualify भएका प्रस्तावकहरुको प्राविधिक प्रस्ताव समेत खोली मुल्यांकन गर्ने समेतका कार्यहरुलाई समर्थन गर्दै पुल्चोक इन्जिनीयरिङ्ग अध्ययन संस्थानका प्राध्यापक संलग्न कमिटीले मिति २०७१।०५।२७ मा लागत अनुमानको Review Report पेश गरि परियोजनाको लागत २३०.०६५ मिलियन अमेरिकी डलर लाग्ने भनि शिफारिस सहितको प्रतिवेदनले समेत सम्झौता अंक २१५.९६५ मिलियन अमेरिकी डलरको पुष्ट्याईं गरेको भनी परिमार्जित लागत अनुमान २१५.९६५ मिलियन अमेरिकी डलर अनुसार आयोजना कार्यान्वयन गर्न कारबाही अगाडि बढाउन नेपाल सरकार मन्त्रिपरिषद्को स्वीकृतिका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले प्रस्ताव पेस गर्ने भनी बदनियतपुर्वक मिति २०७१।०७।०३ मा अर्थमन्त्रीको कार्यकक्षमा तत्कालीन अर्थमन्त्री डा. रामशरण महतसमेतको बदनियतपूर्ण संलग्नता तथा उपस्थितिमा यी प्रतिवादीहरु मधुकुमार मरासिनी, लाल बहादुर खत्री, कमल कुमार भट्टराईसमेत बदनियतपूर्वक उपस्थित भई उक्त निर्णय गरे गराएको तथ्य स्थापित भएको देखिन्छ। त्यसै गरि सम्झौता भएको रकम २१५.९६५ मिलियन अमेरिकी डलर China Exim Bank सँग ऋण सहायता माग गर्न Exim Bank of China मा पठाउने भनी मिति २०७१।०७।१४ मा निर्णय गरी गराई पत्राचार समेत गरे गराएको देखिन्छ। यसरी प्रस्तुत मुद्दामा साबिक देखिका पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण खरिद सम्बन्धी घट्नाक्रमका बारेमा यी प्रतिवादीलाई निज संलग्न भई गरेका माथि उल्लिखित कार्य कसूरमा संलग्न हुँदा र विषय सन्दर्भ अध्ययन गरी आफ्नो तहबाट निर्णय प्रक्रियामा संलग्न भई कार्य अगाडि बढाउँदा खरिद कार्यको शुरु चरण देखिका कार्य कसूर भए |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गरेको थाहा जानकारी हुँदाहुँदै जानी बुझी बद्नियत राखी यी प्रतिवादीहरुले China CAMC Engineering Co.Ltd., तथा अन्य प्रतिवादीहरुसँग गैरकानूनी स्वार्थ पूरा गर्न मिली सोही अनुरुप मनासिब कारण बिना लागत इष्टिमेट अस्वभाविक रूपमा बढाई संशोधन गरी काम गर्ने गराउने, अस्वभाविक रूपमा बढी मूल्य तिरी खरिद गर्ने गराउने कार्य कसूरलाई निज राष्ट्रसेवकहरुले आफ्नो पद तथा ओहोदाको दुरुपयोग गरी गराई निरन्तरता दिई निज आफू समेत संलग्न रहेको मिसिल संलग्न एवं माथि उल्लिखित एवं विवेचित सवूद प्रमाणबाट पुष्टी भएको देखिंदा देखिदै सो प्रमाणको विवेचना नगरि लागत अनुमान बढाउने कार्यमा प्रत्यक्ष संलग्न भएका यि प्रतिवादीहरु मधुकुमार मरासिनी, लाल बहादुर खत्री र कमल कुमार भट्टराईलाई विशेष अदालत ऐन २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम थुनाम राखी मुद्दाको पुर्पक्ष गर्नु पर्नेमा साधारण तारेखमा राख्ने गरि भएको आदेश बेरितको देखिंदा बदर भागी छ।<br>(ख) नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन उपनिर्देशक प्रतिबादी हंसराज पाण्डेयको हकमा हेर्दा, निज प्रतिवादी पोखरा क्षेत्रिय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण खरिद प्रक्रियामा बोल पत्र मुल्यांकन समितिमा रही मिति २०६९/०३/२६ गते बोलपत्रहरुको प्राविधिक मूल्याङ्कन प्रतिवेदन पेश गरेको देखिन्छ। निज प्रतिवादी समेतले उक्त मुल्यांकनको क्रममा कुनैपनि बोलपत्रदाताले Bid Documents को ITB Clause ३.२ Technical Experience बमोजिम US$ १२० Millions को Airport Project पूरा नगरेको भनि सबै बोलपत्रदाताहरु Disqualify भएको भनि मुल्यांकन प्रतिवेदन पेश गरे पश्चात सार्वजनिक खरिद ऐन विपरित मिति २०६९।०३।३१ गते सोही बोलपत्रको आर्थिक प्रस्ताव खोल्ने प्राधिकरण सञ्चालक समितिको २५८ औं बैठकले "बोलपत्र मूल्याङ्कन समितिले दर्ता हुन आएका बोलपत्रदाता कम्पनीहरुले पेस गरेको बोलपत्रहरुको आर्थिक प्रस्ताव मूल्याङ्कन गर्ने र सबैभन्दा कम कबोल गर्ने कम्पनीको प्रस्ताव कार्यान्वयन गर्न पठाउने" भनि गरेको गैर कानूनी निर्णयलाई आधार मानि मिति २०६९।०४।०४ गते आर्थिक प्रस्तावको मूल्याङ्कन गरि प्रतिवेदन पेश गरेको देखिन्छ। सो प्रतिवेदनमा कम रकम रहेको China CAMC को कबोल मूल्य ३०५.१२३ मिलियन अमेरिकी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | डलर प्राधिकरणको लागत अनुमान १६६.४१ मिलियन अमेरिकी डलरभन्दा धेरै नै बढी भएकोले कुनै पनि बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही नरहेको भनि जुलाई ९-१६, २०१३(२०७०।०३।२५-०४।०१) मा प्रतिवेदन दिएको देखिन्छ। यसरी बोलपत्र मुल्यांकन समितिमा रही प्रतिवेदन दिने यि प्रतिवादी हंसराज पाण्डेयले लागत बढाउने योजनासहित China CAMC Engineering Co.Ltd. कै संलग्नतामा विमानस्थल निर्माणको लागि २६४.९५८ मिलियन अमेरिकी डलर लागत लाग्ने उल्लेख बेहोरा समेत उल्लेख भएको Report माथि छलफल गर्दा Highly appreciated बेहोरा उल्लेख भई लागत बढाउने गरी पेस हुन आएको Feasibility Study Report माथि जुलाई ९-१६,२०१३ सम्म China CAMC कै प्रतिनिधिसंग छलफल/बैठक गरी सो Feasibility Study Report लाई स्वीकार गरी लागत बढाउने कार्यमा संलग्न रहेको देखिन्छ। त्यस्तै, निज हंसराज पाण्डेयले प्राधिकरणका तत्कालीन महानिर्देशकले मिति २०७१।०१।१४ मा गठन गरेको Commercial Agreement तयार गर्ने प्राविधिक कमिटिमा रही सारभूत रुपमा प्रभावग्राही नरहेको बोलपत्रदाता China CAMC कम्पनीको स्वार्थ अनुकूल हुने गरी Bidding Document मा भएका सर्त, BoQ Items र Modality लाई समेत परिवर्तन गरी Draft Commercial Agreement लाई अन्तिम स्वरुप दिन China CAMC कम्पनीसँग २९ अप्रिल-६ मे २०१४ (२०७१।०१।१६-२३ सम्म) पटक पटक वार्ता गरी २१५.९६५ मिलियन अमेरिकी डलर (भ्याट बाहेक) सम्झौता रकम कायम गर्न मिति २०७१।०१।२३ मा सिफारिस सहित प्रतिवेदन पेस गरेको र सोही प्रतिवेदनसाथ पेस भएको मस्यौदा अनुसार नै Contract Agreement भई २१५.९६५ मिलियन अमेरिकी डलर (भ्याट बाहेक) मा सझौता समेत भएको र सोको कारण China CAMC Engineering Co.Ltd. लाई गैरकानूनी लाभ र नेपाल सरकार/सार्वजनिक संस्था/नेपाल नागरिक उड्डयन प्राधिकरणलाई बिगो ७४,३४३,४५०.०० अमेरिकी डलर (अक्षरेपि सात करोड त्रिचालिस लाख त्रिचालिस हजार चार सय पचास अमेरिकी डलर) अर्थात रु.८,३६,७३,५५,२९७।५० (अक्षरेपि आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रुपैयाँ पचास पैसा) नोक्सानी पुऱ्याउने कार्य भएको देखिंदा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | देखिदै सो प्रमाणहरुको विवेचना नगरि थुनामा राखि मुद्दाको पुर्पक्ष गर्नु पर्ने अवस्थाका यि प्रतिवादी हंसराज पाण्डेयलाई साधारण तारेखमा राख्ने गरि विशेष अदालतबाट भएको फैसला बेरितको देखिंदा बदर भागी छ।<br>(ग) नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन प्रबन्धक प्रतिवादी कुल प्रसाद सिंखडाको हकमा हेर्दा निज प्रतिवादीले आफ्नो पद तथा ओहोदाको दुरुपयोग गरी प्रस्तुत खरिद कार्यमा मूल्याङ्कन समितिले कुनै पनि बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही नरहेका भनी प्रतिवेदन दिएकोमा उक्त बोलपत्रहरुउपर कुनै कारबाही गर्नु नपर्ने बाध्यकारी कानुनी प्रावधान विपरीत हुने गरी लागत बढाउने योजनासहित China CAMC Engineering Co.Ltd. कै संलग्नतामा परियोजनाको लागत २६४.९५८ मिलियन अमेरिकी डलर हुने बेहोरा उल्लेख भई लागत बढाउने गरी पेस हुन आएको Feasibility Study Report माथि जुलाई ९-१६,२०१३ सम्म China CAMC कै प्रतिनिधिसंग छलफल\बैठक गरी सो Feasibility Study Report लाई स्वीकार गरी लागत बढाउने कार्यमा बदनियतपुर्ण भूमिका निर्वाह गरेको देखिन्छ। त्यसै गरि निज प्रतिवादी कुल प्रसाद सिंखडाले प्राधिकरणका तत्कालीन महानिर्देशकले मिति २०७१।०१।१४ मा गठन गरेको Commercial Agreement तयार गर्ने प्राविधिक कमिटिमा रही सारभूत रुपमा प्रभावग्राही नरहेको बोलपत्रदाता China CAMC कम्पनीको स्वार्थ अनुकूल हुने गरी Bidding Document मा भएका सर्त, BoQ Items र Modality लाई समेत परिवर्तन गरी Draft Commercial Agreement लाई अन्तिम स्वरुप दिन China CAMC कम्पनीसँग २९ अप्रिल-६ मे २०१४ (२०७१।०१।१६-२३ सम्म) पटक पटक वार्ता गरी २१५.९६५ मिलियन अमेरिकी डलर (भ्याट बाहेक) सम्झौता रकम कायम गर्न मिति २०७१।०१।२३ मा सिफारिस सहित प्रतिवेदन पेस गरेको र सोही प्रतिवेदनसाथ पेस भएको मस्यौदा अनुसार नै Contract Agreement भई सोको कारण China CAMC Engineering Co.Ltd. लाई गैरकानूनी लाभ र नेपाल सरकार/सार्वजनिक संस्था/नेपाल नागरिक उड्डयन प्राधिकरणलाई बिगो ७४,३४३,४५०.०० अमेरिकी डलर (अक्षरेपि सात करोड त्रिचालिस लाख त्रिचालिस हजार चार सय पचास अमेरिकी डलर) अर्थात रु.८,३६,७३,५५,२९७।५० (अक्षरेपि आठ अर्ब छत्तीस करोड त्रिहत्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | लाख पचपन्न हजार दुईसय सन्तानब्बे रुपैयाँ पचास पैसा) नोक्सानी पुऱ्याउने कार्य भएको देखिंदा देखिदै सो प्रमाणहरुको नजरअन्दाज गरि यि प्रतिवादी कुल प्रसाद सिंखडा उपर लिईएको आरोप दावी एवं निजलाई उपरोक्त प्रमाणहरुको आधारमा हुन सक्ने सजाय समेतको मध्यनजर नगरि साधारण तारेखमा राख्ने गरि विशेष अदालतबाट भएको फैसला बेरितको देखिंदा बदर भागी छ।<br>(घ) नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन बरिष्ठ कानुन अधिकृत प्रतिवादी द्वारिका प्रसाद भट्टराईको हकमा हेर्दा निज प्रतिवादीले आफ्नो पद तथा ओहोदाको दुरुपयोग गरी सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ लगायतको प्रचलित कानून विपरीत आफु समेत संलग्न रहेको बोलपत्र मूल्याङ्कन समितिबाट Technical Evaluation मा सबै बोलपत्रदाता अनुत्तिर्ण रहेको भनी मिति २०६९।०३।२६ मा प्रतिवेदन दिई खरिद प्रक्रिया अन्तर्गत प्राबिधिक मूल्याङ्कनको कार्य सम्पन्न गरेकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र २४ समेतको प्रचलित कानून विपरीत हुने गरी आर्थिक प्रस्ताव खोली China CAMC कम्पनी सँग गैर कानूनी वार्ता गर्ने वातावरण बनाएको देखिन्छ। त्यसै गरि निज प्रतिवादीले प्राधिकरणबाट मिति २०७१।०१।१४ मा गठन गरेको Commercial Agreement तयार गर्ने प्राविधिक कमिटिमा रही सारभूत रुपमा प्रभावग्राही नरहेको बोलपत्रदाता China CAMC कम्पनीको स्वार्थ अनुकूल हुने गरी Bidding Document मा भएका सर्त, BoQ Items र Modality लाई समेत परिवर्तन गरी Draft Commercial Agreement लाई अन्तिम स्वरुप दिन China CAMC कम्पनीसँग २९ अप्रिल-६ मे २०१४ (२०७१।०१।१६-२३ सम्म) पटक पटक वार्ता गरी २१५.९६५ मिलियन अमेरिकी डलर (भ्याट बाहेक) सम्झौता रकम कायम गर्न मिति २०७१।०१।२३ मा सिफारिस सहित प्रतिवेदन पेस गरेको देखिन्छ।निज प्रतिवादी समेतले पेश गरेको उक्त Draft Commercial Agreement अनुसार नै Contract Agreement भएको देखिन्छ। यसरी प्रस्तुत मुद्दामा साबिक देखिका पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण खरिद सम्बन्धी घट्नाक्रमका बारेमा यी प्रतिवादीलाई निज संलग्न भई गरेका माथि उल्लिखित कार्य कसूरमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | संलग्न हुँदा र विषय सन्दर्भ अध्ययन गरी आफ्नो तहबाट निर्णय प्रक्रियामा संलग्न भई कार्य अगाडि बढाउँदा खरिद कार्यको शुरु चरण देखिका कार्य कसूर भए गरेको थाहा जानकारी हुँदा हुँदै जानी बुझी बद्नियत राखी यी प्रतिवादीले China CAMC Engineering Co.Ltd., तथा अन्य प्रतिवादीहरुसँग बदनियतपुर्ण तवरले मिलेमतो गरि लागत इष्टिमेट अस्वभाविक रूपमा बढाई संशोधन गरी प्राधिकरणलाई नोक्सानी गर्ने गराउने कार्य कसूरलाई निज प्रतिवादीको संलग्न रहेको तथ्य मिसिल संलग्न एवं माथि उल्लिखित एवं विवेचित निर्णय माइन्युट समेतका सवूद प्रमाणबाट पुष्टि भई रहेको अवस्थामा उक्त तत्काल प्राप्त प्रमाणको न्यायिक विवेचना नगरि निज प्रतिवादी द्धारिका प्रसाद भट्टराईलाई साधारण तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्ने गरि विशेष अदालतवाट भएको आदेश बेरितको देखिंदा बदर भागी छ।<br>(ङ) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सचिव प्रतिवादी सुरेशमान श्रेष्ठको हकमा हेर्दा सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ११ मा सचिव सम्बन्धित मन्त्रालय वा संवैधानिक निकाय वा केन्द्रीयस्तरका कार्यालयको प्रमुख प्रशासकीय पदाधिकारी हुने गरि निजले सोही हैसियतमा जिम्मेवारी निर्वाह गर्नु पर्ने स्पष्ट व्यवस्था गरेको देखिन्छ। यसै गरि सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ मा उक्त ऐनको दफा ११ मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त सचिवको अन्य थप काम, कर्तव्य र अधिकारहरु तोकिएको पाइन्छ। यसैगरी नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा ३६ मा प्राधिकरणले नेपाल सरकारसंग सम्पर्क राख्दा पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मार्फत राख्नु पर्नेछ भन्ने व्यवस्था रहेको तथा नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०६९ बमोजिम पर्यटन मन्त्रालय मन्त्रालयको कार्यक्षेत्रमा विमानस्थल निर्माण तथा संचालन, एयर नेभिगेस सेवा तथा उड्डयन तालिम संस्था आदिको इजाजत र नियमन, मन्त्रालय सम्बन्धी अन्तर्राष्ट्रिय संघ संस्थासंग सन्धी, सम्झौता, अभिसन्धी, सम्पर्क र समन्वय, नागरिक उड्डयनसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन, नागरिक उड्डयन व्यवसाय तथा पेसाविद्हरूको अनुमतिपत्र, स्तर निर्धारण र नियमन, हवाई सुरक्षा समेत पर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | देखिंदा प्रस्तुत खरिदमा निज प्रतिवादी सुरेशमान श्रेष्ठलाई निजको पदीय जिम्मेवारीका आधारमा कानूनले नै उत्तरदायी बनाएको देखिन्छ। यि प्रतिवादी सुरेशमान श्रेष्ठले बदनियत राखि आफ्नो पद तथा ओहोदाको दुरुपयोग गरी गराई कुनै पनि बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही नभएको भनी मूल्याङ्कन समितिको प्रतिवेदन प्राप्त हुँदा समेत कानुनमा अनिवार्य रद्द गर्नुपर्ने प्रावधानका विपरीत गरिएका कार्यहरुलाई समर्थन गर्दै सम्झौतामा लागत अनुमानमा रकम बढ्न गएको र थप हुन गएका Item लगायतका विषयमा थप अध्ययन गराउन मिति २०७१/०५/२४ को निर्णयमा सहभागी भएको, इन्जिनीयरिङ्ग अध्ययन संस्थानको मिति २०७१/०५/२७ को प्रतिवेदनले समेत सम्झौता अंक २१५.९६५ मिलियन अमेरिकी डलरको पुष्ट्याईं गरेकोले सो रकम मनासिव हो भनी अर्थ मन्त्रालयमा ऋण सहायता माग गर्ने मिति २०७१/०६/१४ को निर्णयमा संलग्न भएको, परिमार्जित लागत तथा डिजाइन अनुसार कार्यान्वयन गर्न स्वीकृति दिन मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्ने भनी मिति २०७१/०७/०९ मा निर्णय गरी गराई प्रस्ताव समेत पेस गरेको देखिन्छ। यसरी पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण खरिद सम्बन्धी घट्नाक्रमका बारेमा यी प्रतिवादीले उक्त निर्माण खरिदको शुरु चरण देखिका कार्य कसूर भए गरेको थाहा जानकारी हुँदाहुँदै जानी जानी बद्नियत पुर्वक प्रतिवादीले China CAMC Engineering Co.Ltd., तथा अन्य प्रतिवादीहरुसँग मिलेमतो गरि मनासिब कारण बिना लागत अनुमान अस्वभाविक रूपमा बढाई संशोधन गरी काम गर्ने गराउने, अस्वभाविक रूपमा बढी मूल्य तिरी खरिद गर्ने गराउने कार्य कसूरमा संलग्न भई China CAMC Engineering Co.Ltd. लाई गैरकानूनी लाभ र नेपाल सरकार/सार्वजनिक संस्था/नेपाल नागरिक उड्डयन प्राधिकरणलाई बिगो ७४,३४३,४५०.०० अमेरिकी डलर (अक्षरेपि सात करोड त्रिचालिस लाख त्रिचालिस हजार चार सय पचास अमेरिकी डलर) अर्थात रु.८,३६,७३,५५,२९७।५० (अक्षरेपि आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रुपैयाँ पचास पैसा) नोक्सानी पुऱ्याउने कार्य गरि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (घ), (ङ) र (ञ) विपरीतको कसूर गरेको तथ्य मिशिल |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | संलग्न तत्काल प्राप्त प्रमाणहरुवाट स्थापित भई रहेको देखिंदा देखिंदै उक्त प्रमाणको विश्लेषण नगरि निज प्रतिवादी सुरेशमान श्रेष्ठलाई साधारण तारेखमा राख्ने गरि भएको थुनछेक आदेश बेरितको देखिंदा बदर भागी छ।<br>(च) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन सहसचिव एवं नेपाल नागरिक उड्डयन प्राधिकरण संचालक समितिका सदस्य प्रतिवादी सुरेश आचार्यको हकमा हेर्दा निजले आफ्नो पद तथा ओहोदाको दुरुपयोग गरी गराई नेपाल नागरिक उड्डयन प्राधिकरणको सञ्चालक समितिको मिति २०७०/०५/२९ को बैठकबाट China CAMC लाई नै परियोजना लागत बढाई ठेक्का दिने उद्देश्यले डा. रामकृष्ण तिमिल्सेनाको संयोजकत्वमा परामर्शदाता टोली गठन गर्ने निर्णय गरे गराएको, उक्त परामर्शदाता टोलीको प्रतिवेदन बमोजिमको संशोधित लागत अनुमान २१५.९६५ मिलियन अमेरिकी डलरमा China CAMC संग निर्माण खरिद कार्य अगाडि बढाउन नेपाल सरकारको स्विकृतिका लागि मन्त्रालयमा पठाउने भनी मिति २०७०/०७/२९ मा सञ्चालक समितिबाट निर्णय गरे गराएको, Commercial Agreement को मस्यौदा सम्बन्धमा मिति २०७०/१२/२४ को बैठकबाट निर्णय भैसकेकोले सञ्चालक समितिबाट थप निर्णय गरिरहनु परेन भनी सञ्चालक समितिबाट मिति २०७१/०२/०५ मा निर्णय गरे गराएको देखिन्छ। यसरी साबिक देखिका पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण खरिद सम्बन्धी घट्नाक्रमका बारेमा यी प्रतिवादी सुरेश आचार्यलाई थाहा जानकारी हुदाँ हुदै निज आफू समेत संचालक समितिको सदस्यको हैसियतमा निर्णय प्रक्रियामा संलग्न भई गरेका माथि उल्लिखित कार्य कसूरमा संलग्न रही China CAMC Engineering Co.Ltd., तथा अन्य प्रतिवादीहरुसँग बदनियत पुर्वक मिलेमतो गरि मनासिब कारण बिना लागत अनुमान अस्वभाविक बढाई China CAMC Engineering Co.Ltd. लाई गैरकानूनी लाभ र नेपाल सरकार/सार्वजनिक संस्था/नेपाल नागरिक उड्डयन प्राधिकरणलाई बिगो ७४,३४३,४५०.०० अमेरिकी डलर (अक्षरेपि सात करोड त्रिचालिस लाख त्रिचालिस हजार चार सय पचास अमेरिकी डलर) अर्थात रु.८,३६,७३,५५,२९७।५० (अक्षरेपि आठ अर्ब छत्तीस करोड त्रिहत्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | लाख पचपन्न हजार दुईसय सन्तानब्बे रुपैयाँ पचास पैसा) नोक्सानी पुऱ्याउने कार्य गरि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (घ), (ङ) र (ज) विपरीतको कसूर गरेको तथ्य मिशिल संलग्न तत्काल प्राप्त प्रमाणहरुवाट स्थापित भई रहेको देखिंदा देखिँदै उक्त प्रमाणको विवेचना नगरि निज प्रतिवादी सुरेश आचार्य लाई साधारण तारेखमा राख्ने गरि भएको थुनछेक आदेश बेरितको देखिंदा बदर भागी छ।<br>(छ) सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन मन्त्री प्रतिवादी दिपक चन्द्र अमात्यको हकमा हेर्दा निज प्रतिवादी दिपक चन्द्र अमात्य संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन मन्त्री तथा नेपाल नागरिक उड्डयन प्राधिकरण सञ्चालक समितिका अध्यक्ष पदमा कार्यरत रहेको देखिन्छ। नेपाल नागरिक उड्डयन प्राधिकरण सञ्चालक समितिका अध्यक्ष पदमा कार्यरत रहेका यि प्रतिवादीले आफ्नो पद तथा ओहोदाको दुरुपयोग गरी गराई कुनै पनि बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही नभएको भनी बोलपत्र मूल्याङ्कन समितिको प्रतिवेदन प्राप्त भएको देखिंदा देखिँदै सार्वजनिक खरिद ऐन २०६३ को दफा २६ (१)(ख) बमोजिम अनिवार्य रद्द गर्नुपर्ने बोलपत्रदाताहरुको प्रविधिक र आर्थिक प्रस्ताव मुल्यांकन गरिएको कार्यहरुलाई समर्थन गर्दै इन्जिनीयरिङ्ग अध्ययन संस्थानको मिति २०७१।०५।२७ को प्रतिवेदनले समेत सम्झौता अंक २१५.९६५ मिलियन अमेरिकी डलरको पुष्ट्याईं गरेकोले सो रकम मनासिव हो भनी अर्थ मन्त्रालयमा ऋण सहायता माग गर्ने गरी मिति २०७१।०६।१४ मा मन्त्रीको हैसियतले निर्णय गरेको देखिन्छ। उक्त निर्णय गर्दा निजले प्राधिकरणका महानिर्देशक रतिशचन्द्रलाल सुमनले पठाएको विवरणको आधारमा पर्यटन मन्त्रालयका उपसचिव हरि बहादुर खड्का, सहसचिव मोहनकृष्ण सापकोटा, सचिव सुरेशमान श्रेष्ठ र निज प्रतिवादी दिपकचन्द्र अमात्यले मिति २०७१।०६।१४ मा गरेको निर्णय अनुसार च.नं.१०२ बाट अर्थ मन्त्रालयमा पठाएको तथा सम्झौता अंक २१५.९६५ मिलियन अमेरिकी डलर मनासिव भएकोले China Exim Bank सँग सहुलियतपूर्ण ऋण सहयोगको लागि अर्थ मन्त्रालयमा अनुरोध गर्ने निर्णय कार्यमा प्रत्यक्ष |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | संलग्नता रहेको देखिन्छ। यसैगरी, निजले पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल EPC Model बमोजिम नेपाल नागरिक उड्डयन प्राधिकरणबाट परिमार्जित लागत तथा डिजाइन अनुसार कार्यान्वयन गर्न स्वीकृति दिने समेत वेहोराको मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्ने भनी मिति २०७१।०७।०९ मा मन्त्रीको हैसियतले निर्णय गरी प्रस्ताव समेत पेस गरेको देखिन्छ। पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण खरिद सम्बन्धी कार्यमा साबिक देखि नै संलग्न रहेका यी प्रतिवादी दिपकचन्द्र अमात्यले China CAMC Engineering Co.Ltd., तथा अन्य प्रतिवादीहरुसँग मिलेमतो गरि उक्त विमानस्थल निमार्ण कार्यमा अस्वभाविक रुपमा लागत अनुमान बढाई संशोधन गरी निर्माण खरिदको कार्य गरे गराएका कारण नेपाल नागरिक उड्डयन प्राधिकरणलाई रु.८,३६,७३,५५,२९७।५० (अक्षरेपि आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रुपैयाँ पचास पैसा) नोक्सानी पुगेको तथ्य मिशिल संलग्न तत्काल प्राप्त प्रमाणहरुवाट स्थापित भई रहेको देखिंदा देखिंदै उक्त प्रमाणको विश्लेषण नगरि निज प्रतिवादी दिपकचन्द्र अमात्यलाई साधारण तारेखमा राख्ने गरि भएको थुनछेक आदेश बेरितको देखिंदा बदर भागी छ।<br>(ज) सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन सहसचिव प्रतिवादी मोहनकृष्ण सापकोटाको हकमा हेर्दा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण खरिद प्रक्रियामा बोलपत्र मुल्यांकनको क्रममा कुनै पनि बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही नभएको भनी मूल्याङ्कन समितिको प्रतिवेदन एवं सार्वजनिक खरिद ऐन को दफा २६(१)(ख) अनुसार अनिवार्य रद्द गर्नुपर्ने प्रावधानका विपरीत गई मुल्यांकनको क्रममा अनुतिर्ण भएका बोलपत्रको आर्थिक मुल्याकन समेत गरि गैर कानूनी रुपमा अगाडी बढाएको खरिद प्रक्रियालाई समर्थन गर्दै इन्जिनीयरिङ्ग अध्ययन संस्थानको मिति २०७१।०५।२७ को प्रतिवेदनले समेत सम्झौता अंक २१५.९६५ मिलियन अमेरिकी डलरको पुष्ट्याईं गरेकोले सो रकम मनासिव हो भनी अर्थ मन्त्रालयमा ऋण सहायता माग गर्ने भन्ने मिति २०७१।०६।१४ को निर्णयमा निज प्रतिवादी मोहनकृष्ण श्रेष्ठ संलग्न भएको देखिन्छ। त्यसैगरी परिमार्जित लागत अनुमान |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | २१५.९६५ मिलियन अमेरिकी डलर अनुसार आयोजना कार्यान्वयन गर्न कारबाही अगाडि बढाउन नेपाल सरकार मन्त्रिपरिषद्को स्वीकृतिका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले प्रस्ताव पेस गर्ने भनी मिति २०७१।०७।०३ मा तत्कालिन अर्थमन्त्रीको कार्यकक्षमा बदनियतपूर्ण तवरमा सहभागी भई यी प्रतिवादी मोहनकृष्ण सापकोटासमेतले परिमार्जित लागत तथा डिजाइन अनुसार कार्यान्वयन गर्न स्वीकृति दिन मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्ने भनी मिति २०७१।०७।०९ मा निर्णय गरे\गराएको तथ्य स्थापित भई रहेको र यि प्रतिवादीको उक्त कसूरजन्य कार्यबाट नेपाल नागरिक उड्डयन प्राधिकरणलाई रु.८,३६,७३,५५,२९७।५० (अक्षरेपि आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रुपैयाँ पचास पैसा) नोक्सानी पुगेको तथ्य मिशिल संलग्न तत्काल प्राप्त प्रमाणहरुवाट स्थापित भई रहेको देखिंदा देखिदै उक्त प्रमाणको विश्लेषण नगरि निज प्रतिवादी मोहनकृष्ण सापकोटालाई साधारण तारेखमा राख्ने गरि भएको थुनछेक आदेश बेरितको देखिंदा बदर भागी छ।<br>(झ) अर्थ मन्त्रालयका तत्कालीन उपसचिव प्रतिवादी प्रेम नाथ उपाध्यायको हकमा हेर्दा निज प्रतिवादीले आफ्नो पदिय कर्तब्यको दुरुपयोग गरी गराई कुनै पनि बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही नभएको भनी मूल्याङ्कन समितिको प्रतिवेदन प्राप्त भई सार्वजनिक खरिद ऐन २०६३ को दफा २६(१)(ख) बमोजिम अनिवार्य रद्द गर्नुपर्नेमा सोको विपरीत गई बोलपत्र मुल्यांकनको क्रममा अनुतिर्ण भएका बोलपत्रको आर्थिक मुल्याकन समेत गरि गैर कानूनी रुपमा अगाडी बढाएको खरिद प्रक्रियालाई समर्थन गर्दै इन्जिनीयरिङ्ग अध्ययन संस्थानको मिति २०७१/०५/२७ को प्रतिवेदनले समेत सम्झौता अंक २१५.९६५ मिलियन अमेरिकी डलरको पुष्ट्याईं गरेको भनी परिमार्जित लागत अनुमान २१५.९६५ मिलियन अमेरिकी डलर अनुसार आयोजना कार्यान्वयन गर्न कारबाही अगाडि बढाउन नेपाल सरकार मन्त्रिपरिषद्को स्वीकृतिका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले प्रस्ताव पेस गर्ने भनी मिति २०७१/०७/०३ मा अर्थमन्त्रीको कार्यकक्षमा निर्णय गरे गराएको तथ्य स्थापित भएको देखिन्छ। यसरी प्रस्तुत मुद्दामा साबिक देखिका पोखरा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण खरिद सम्बन्धी घट्नाक्रमका बारेमा यी प्रतिवादीलाई थाहा जानकारी हुदा हुदैं बद्नियतपुर्वक China CAMC Engineering Co.Ltd., तथा अन्य प्रतिवादीहरुसँग गैरकानूनी मिलेमतो गरि उक्त विमानस्थल निर्माण कार्यमा अस्वभाविक रूपमा लागत अनुमान बढाई संशोधन गरी खरिद कार्य अगाडी बढाएको हुँदा निज प्रतिवादीको उक्त कसूरजन्य कार्यबाट नेपाल नागरिक उड्डयन प्राधिकरणलाई रु.८,३६,७३,५५,२९७।५० (अक्षेरेपि आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रुपैयाँ पचास पैसा) नोक्सानी पुगेको तथ्य मिशिल संलग्न तत्काल प्राप्त प्रमाणहरुवाट स्थापित भई रहेको देखिंदा देखिदै उक्त प्रमाणको विश्लेषण नगरि निज प्रतिवादी प्रेम नाथ उपाध्यायलाई साधारण तारेखमा राख्ने गरि भएको थुनछेक आदेश बेरितको देखिंदा बदर भागी छ।<br>(ज) अर्थ मन्त्रालयको तत्कालीन सचिव प्रतिवादी सुमन प्रसाद शर्माको हकमा हेर्दा आफ्नो पद तथा ओहोदाको दुरुपयोग गरी गराई कुनै पनि बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही नभएको भनी मूल्याङ्कन समितिको प्रतिवेदन प्राप्त हुँदासमेत कानुनमा अनिवार्य रद्द गर्नु पर्ने प्रावधानका विपरीत गरिएका कार्यहरुलाई समर्थन गर्दै सम्झौतामा लागत अनुमानमा रकम बढ्न गएको र थप हुन गएका Item लगायतका विषयमा थप अध्ययन गराउन मिति २०७१।०५।२४ को निर्णयमा सहभागी भएको, इन्जिनीयरिङ्ग अध्ययन संस्थानको मिति २०७१।०५।२७ को प्रतिवेदनले समेत सम्झौता अंक २१५.९६५ मिलियन अमेरिकी डलरको पुष्ट्याईं गरेकोले परिमार्जित लागत अनुमान २१५.९६५ मिलियन अमेरिकी डलर अनुसार आयोजना कार्यान्वयन गर्न कारबाही अगाडि बढाउन नेपाल सरकार मन्त्रिपरिषद्को स्वीकृतिका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले प्रस्ताव पेस गर्ने भनी आफूसमेतले गैरकानूनी लाभ प्राप्तिको लागि राष्ट्रसेवकको पद तथा ओहोदाको दुरुपयोग गरी मिति २०७१।०७।०३ मा अर्थमन्त्रीको कार्यकक्षमा तत्कालीन अर्थमन्त्री डा.रामशरण महतसमेतको बदनियतपूर्ण संलग्नता तथा उपस्थितिमा यी प्रतिवादी सुमन प्रसाद शर्मासमेत बदनियतपूर्वक उपस्थित भई उक्त निर्णय गरे गराएको तथ्य स्थापित भएको देखिन्छ। साथै, सम्झौता भएको रकम |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | २१५.९६५ मिलियन अमेरिकी डलर China Exim Bank सँग ऋण सहायता माग गर्न Exim Bank of China मा पठाउने भनी मिति २०७१।०७।१४ मा निर्णय गरी गराई पत्राचार समेत गरे गराएको देखिन्छ। यसरी प्रस्तुत मुद्दामा साबिक देखिका पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण खरिद सम्बन्धी घट्नाक्रमका बारेमा यी प्रतिवादीलाई निज संलग्न भई गरेका माथि उल्लिखित कार्य कसूरमा संलग्न हुँदा र विषय सन्दर्भ अध्ययन गरी आफ्नो तहबाट निर्णय प्रक्रियामा संलग्न भई कार्य अगाडि बढाउँदा खरिद कार्यको शुरु चरण देखिका कार्य कसूर भए गरेको थाहा जानकारी हुँदाहुँदै जानी बुझी बद्नियत राखी यी प्रतिवादीले China CAMC Engineering Co.Ltd., तथा अन्य प्रतिवादीहरुसँग गैरकानूनी स्वार्थ पूरा गर्न मिली सोही अनुरुप मनासिब कारण बिना लागत इष्टिमेट अस्वभाविक रूपमा बढाई संशोधन गरी काम गर्ने गराउने, अस्वभाविक रूपमा बढी मूल्य तिरी खरिद गर्ने गराउने कार्य कसूरलाई निज राष्ट्रसेवकले आफ्नो पद तथा ओहोदाको दुरुपयोग गरी गराई निरन्तरता दिई निज आफू समेत संलग्न रहेको मिसिल संलग्न एवं माथि उल्लिखित एवं विवेचित सवूद प्रमाणबाट स्थापित भएको देखिंदा देखिदै सो प्रमाणहरुको न्यायिक विश्लेषण नगरि निज प्रतिवादी सुमन कुमार शर्मालाई साधारण तारेखमा राख्ने गरि भएको थुनछेक आदेश बेरितको देखिंदा बदर भागी छ।<br>(ट) नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन निर्देशक प्रतिवादी राम चन्द्र सुवेदीको हकमा हेर्दा, निज प्रतिवादीले आफ्नो पद तथा ओहोदाको दुरुपयोग गरी गराई Commercial Agreement तयार गर्ने प्राविधिक कमिटिमा रही सारभूत रुपमा प्रभावग्राही नरहेको बोलपत्रदाता China CAMC कम्पनीको स्वार्थ अनुकूल हुने गरी Bidding Document मा भएका सर्त, BoQ Items र Modality लाई समेत परिवर्तन गरी Draft Commercial Agreement लाई अन्तिम स्वरुप दिन China CAMC कम्पनीसँग पटक पटक वार्ता गरी २१५.९६५ मिलियन अमेरिकी डलर (भ्याट बाहेक) सम्झौता रकम कायम गर्न मिति २०७१/०१/२३ मा सिफारिस सहित प्रतिवेदन पेस गरेको र सोही प्रतिवेदनसाथ पेस भएको मस्यौदा अनुसार नै Contract Agreement भएको देखिन्छ। यसरी प्रस्तुत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | मुद्दामा साबिक देखिका पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण खरिद सम्बन्धी घट्नाक्रमका बारेमा यी प्रतिवादीलाई निज संलग्न भई गरेका माथि उल्लिखित कार्य कसूरमा संलग्न हुँदा र विषय सन्दर्भ अध्ययन गरी आफ्नो तहबाट निर्णय प्रक्रियामा संलग्न भई कार्य अगाडि बढाउँदा खरिद कार्यको शुरु चरण देखिका कार्य कसूर भए गरेको थाहा जानकारी हुँदा हुँदै जानी बुझी बद्नियत राखी यी प्रतिवादीले China CAMC Engineering Co.Ltd., तथा अन्य प्रतिवादीहरुसँग गैरकानूनी स्वार्थ पूरा गर्न मिलेमतो गरि सोही अनुरुप मनासिब कारण बिना लागत अनुमान अस्वभाविक रूपमा बढाई संशोधन गरी काम गर्ने गराउने, अस्वभाविक रूपमा बढी मूल्य तिरी खरिद गर्ने गराउने कार्य संलग्न रहेको तथ्य मिसिल संलग्न एवं माथि उल्लिखित एवं विवेचित सवूद प्रमाणबाट स्थापित भई रहेको अवस्थामा निज प्रतिवादी राम चन्द्र सुवेदीलाई साधारण तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्ने गरि विशेष अदालतबाट भएको आदेश थुनछेक सम्वन्धी आधारभुत सिद्धान्त समेतबाट बेरितको देखिंदा बदर भागी छ।<br>(ठ) कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको तत्कालीन सचिव पदमा कार्यरत भेषराज शर्मको हकमा हेर्दा, सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ११ मा देहाय बमोजिम सचिव सम्बन्धित मन्त्रालय वा संवैधानिक निकाय वा केन्द्रीय स्तरका कार्यालयक प्रमुख प्रशासकीय पदाधिकारी हुने र निजले प्रचलित कानूनको प्रतिकूल नहुने गरी कानूनमा व्यवस्था भए अनुसारको काम, कर्तव्य र अधिकारको प्रयोग गर्नु पर्ने जिम्मेवारी तोकी निजलाई उत्तरदायी बनाएको देखिन्छ। यि प्रतिवादी भेषराज शर्मा कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको तत्कालीन सचिव पदमा कार्यरत रही नेपाल सरकारको कानुन मस्यौदा तथा निर्माण, कानुनी राय उपलब्ध गर्ने गराउने, कानुनी अड्चन फुकाउन आवश्यक सहजिकरण लगायतको समग्र राज्यको कानुनी व्यवस्थालाई व्यवस्थित गर्ने मन्त्रालयको विशिष्ट श्रेणी सचिवमा कार्यरत रहेको देखिन्छ। साथै, निज प्रतिवादी भेषराज शर्मा कानुनको विधार्थी तथा विज्ञता प्राप्त बौद्धिक राष्ट्रसेवक रही निजको उपस्थितिमा कानुन सम्मत नभए नगरेको कार्यहरु हुन नदिनसमेत आवश्यक कार्य गर्ने जिम्मेवारी रहेकोमा निज प्रतिवादी भेषराज शर्माले आफ्नो पदको दुरुपयोग |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गरी गराई कुनै पनि बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही नभएको भनी मूल्याङ्कन समितिको प्रतिवेदन प्राप्त हुँदा समेत सार्वजनिक खरिद ऐन २०६३ को दफा २६(१)(ख) बमोजिम अनिवार्य रद्द गर्नुपर्ने प्रावधानका विपरीत गरिएका कार्यहरुलाई समर्थन गर्दै इन्जिनीयरिङ्ग अध्ययन संस्थानको मिति २०७१/०५/२७ को प्रतिवेदनले समेत सम्झौता अंक २१५.९६५ मिलियन अमेरिकी डलरको पुष्ट्याईं गरेको भनी परिमार्जित लागत अनुमान २१५.९६५ मिलियन अमेरिकी डलर अनुसार आयोजना कार्यान्वयन गर्न कारबाही अगाडि बढाउन नेपाल सरकार मन्त्रिपरिषद्को स्वीकृतिका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले प्रस्ताव पेस गर्ने भनी आफूसमेतले गैरकानूनी लाभ प्राप्तिको लागि राष्ट्रसेवकको पद तथा ओहोदाको दुरुपयोग गरी मिति २०७१/०७/०३ मा अर्थमन्त्रीको कार्यकक्षमा तत्कालीन अर्थमन्त्री डा.रामशरण महतसमेतको बदनियतपूर्ण संलग्नता तथा उपस्थितिमा यी प्रतिवादी भेषराज शर्मासमेत उपस्थित भई उक्त लागत अनुमान वढाई खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरे गराएको तथ्य स्पष्ट देखिंदा देखिदै मिसिल संलग्न उल्लिखित लिखित निर्णय माईन्युट समेतका लिखित प्रमाणहरुलाई नजरअन्दाज गरि निज प्रतिवादी भेषराज शर्मालाई साधारण तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्ने गरि विशेष अदालतबाट भएको आदेश थुनछेक सम्वन्धी आधारभुत सिद्धान्त समेतबाट बेरितको देखिंदा बदर भागी छ।<br>(ङ) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालिन सचिव प्रतिवादी सुशिल घिमिरेको हकमा हेर्दा निज प्रतिवादीले बोलपत्र मुल्यांकनको चरणमा कुनै पनि बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही नभएको भनी मूल्याङ्कन समितिको प्रतिवेदन प्राप्त हुँदा हुँदै र सार्वजनिक खरिद ऐनको दफा २६(१)(ख) वमोनिज उक्त बोलपत्रहरु रद्द गरि पुनः शुरु ठेक्का प्रक्रियामा जानु पर्नेमा सो कानूनी प्रावधानका विपरीत प्राधिकरणको आधिकारिक लागत अनुमान भन्दा धेरै बढी कबोल अंक भएको र सारभूत रुपमा प्रभावग्राही समेत नभएको China CAMC को बोलपत्र वार्ता मार्फत स्वीकृतिका लागि मिति २०६९।११।०३ मा निर्णय गरी\गराई नेपाल सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेस गरेको, सार्वजनिक खारिद ऐन २०६३ विपरित गठन भएको परामर्शदाता टोलीको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्रतिवेदन बमोजिमको संशोधित लागत अनुमान २१५.९६५ मिलियन अमेरिकी डलर अनुरुप China CAMC सँग कार्य अगाडि बढाउन नेपाल सरकारको स्वीकृतिका लागि मिति २०७०।०८।१० मा निर्णय गरी\गराई मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्ने कार्यमा संलग्न रहेको देखिएको, सञ्चालक समितिको मिति २०७०।०७।२९ को निर्णय बमोजिम परियोजनाको ठेक्का लगायतको कार्यान्वयन प्रक्रिया अगाडि बढाउन प्राधिकरणलाई निर्देशन दिने भन्ने मिति २०७०।१२।२१ को निर्णयमा संलग्न भएको, २१५.९६५ मिलियन अमेरिकी डलर (भ्याट बाहेक) कायम गरी निर्माण व्यवसायी China CAMC कम्पनीसँग Commercial Contract गर्न प्राधिकरणमा लेखी पठाउने भनी मिति २०७१।०२।०८ को निर्णयमा संलग्न भएको, २१५.९६५ मिलियन अमेरिकी डलर अर्थ मन्त्रालयमा ऋण सहायता माग गर्ने मिति २०७१।०३।०३ को निर्णयमा संलग्न भएको तथ्य मिशिल संलग्न तत्काल प्राप्त प्रमाणबाट पुष्टि भई रहेको अवस्था  देखिंदा देखिदै सो प्रमाणहरुलाई नजरअन्दाज गरि अस्वभाविक रूपमा लागत अनुमान बढाई नेपाल नागरिक उड्डयन प्राधिकरणलाई रु.८,३६,७३,५५,२९७।५० (अक्षरेपि आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रुपैयाँ पचास पैसा) नोक्सानी पुर्याउने कार्यमा संलग्न यि प्रतिवादी सुशिल घिमिरेलाई विशेष अदालत ऐन २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्नेमा रु १,५०,०००।– धरौटी माग गरि भएको आदेश बेरितको देखिंदा बदर भागी छ।<br>(ढ) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन सहसचिव रञ्जन कृष्ण अर्यालको हकमा हेर्दा निज प्रतिवादीले आफ्नो ओहोदाको दुरुपयोग गरी बोलपत्र मूल्याङ्कन समितिले कुनै पनि बोलपत्रहरुको प्राविधिक योग्यता नपुगेको भनी प्रतिवेदन दिएकोमा उक्त बोलपत्रहरु उपर कुनै कारबाही नगर्ने भनी निर्णय गर्नुपर्ने बाध्यकारी कानुनी प्रावधान विपरीत सञ्चालक समितिमा आमन्त्रित सदस्यको हैसियतमा उपस्थित भई मिति २०६९/०३/३१ को बैठकबाट उक्त योग्यता नपुगेका वोलपत्रहरुको आर्थिक प्रस्ताव खोली मूल्याङ्कन गर्न र मूल्याङ्कन गर्दा सवैभन्दा कम कबोल गर्ने कम्पनीको प्रस्ताव परियोजना कार्यान्वयन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गर्न, गराउन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मार्फत अर्थ मन्त्रालयमा पठाउने भनी निर्णय गरी गराई सो निर्णयमा दस्तखत समेत गरेको, लागत अनुमान भन्दा धेरै बढी बोल अंक कबोल गरेको र सारभूत रुपमा प्रभावग्राही समेत नभएको China CAMC को बोलपत्रमा वार्ताको प्रक्रियाद्वारा ठेक्का स्वीकृतिका लागि नेपाल सरकार मन्त्रिपरिषद्मा पेस गर्ने गरी मिति २०६९/१०/१९ मा निर्णय गरे गराएको, China CAMC लाई नै परियोजना लागत बढाई ठेक्का दिने उद्देश्यले राय परामर्श लिन कानुनमा कुनै प्रावधान नै नभएको देखिँदा देखिँदै सञ्चालक समितिमा आमन्त्रित सदस्यको हैसियतमा उपस्थित भई मिति २०७०/०५/२९ को बैठकबाट परामर्शदाता टोली गठन गर्ने निर्णय गरी गराई सो निर्णयमा दस्तखत समेत गरेको, परामर्शदाता टोलीको प्रतिवेदन बमोजिमको संशोधित लागत इष्टिमेट २१५.९६५ मिलियन अमेरिकी डलर अनुरुप China CAMC संग संझौता गरि कार्य अगाडि बढाउन नेपाल सरकारको स्वीकृतिका लागि मन्त्रालयमा पठाउने भनी मिति २०७०/०७/२९ मा निर्णय गरेको, सञ्चालक समितिको मिति २०७०/०७/२९ को निर्णय बमोजिम परियोजनाको ठेक्का लगायत कार्यान्वयन प्रक्रिया अगाडि बढाउन प्राधिकरणलाई निर्देशन दिने भन्ने मिति २०७०/११/२१ को निर्णयमा संलग्न भई निर्देशन समेत दिएको, मन्त्रालयको निर्देशन बमोजिम महानिर्देशकले परियोजना सम्बन्धी आवश्यक कार्य अगाडि बढाउने भनी मिति २०७०/१२/२४ मा सञ्चालक समितिको बैठकमा आमन्त्रित सदस्यको हैसियतमा उपस्थित भई बैठकबाट निर्णय गरी गराई निर्णयमा दस्तखत समेत गरेको, Commercial Agreement को मस्यौदा सम्बन्धमा मिति २०७१/०२/०५ को सञ्चालक समितिको बैठकमा आमन्त्रित सदस्यको हैसियतमा उपस्थित भई बैठकबाट मिति २०७०/१२/२४ मा निर्णय भैसकेकोले सञ्चालक समितिबाट थप निर्णय गरिरहनु परेन भन्ने निर्णय गरी गराई सो निर्णयमा दस्तखत समेत गरेको, परियजनाको संशोधित लागत अनुमान २१५.९६५ मिलियन अमेरिकी डलर (भ्याट बाहेक) कायम गरी निर्माण व्यवसायी China CAMC कम्पनीसँग Commercial Contract गर्न प्राधिकरणमा लेखी पठाउने भनी मिति २०७१/०२/०८ को निर्णयमा संलग्न भएको, सम्झौता भएको रकम २१५.९६५ मिलियन अमेरिकी डलर अर्थ मन्त्रालयमा ऋण सहायता माग |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गर्ने भन्ने मिति २०७१/०३/०३ को निर्णयमा संलग्न भएको देखिन्छ। यसरी प्रतिवादीको सोही कार्य कसूरको आधारमा बोलपत्र आह्वान गर्दाको बखत स्वीकृत लागत अनुमान १६९,६९७,०००.०० अमेरिकी डलर भन्दा अस्वभाविक रुपमा लागत अनुमान २१५.९६५ मिलियन अमेरिकी डलर (भ्याट बाहेक) कायम गरी ७४,३४३,४५०.०० अमेरिकी डलर बढाई संशोधन गरी गराई लागत अनुमान बढाई नेपाल नागरिक उड्डयन प्राधिकरणलाई रु.८,३६,७३,५५,२९७।५० (अक्षरेपि आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रुपैयाँ पचास पैसा) नोक्सानी पुर्याएको तथ्य स्थापित भई रहेको अवस्था देखिंदा देखिदै उक्य कार्यमा संलग्न यि प्रतिवादी रञ्जन कृष्ण अर्याललाई विशेष अदालत ऐन २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्नेमा रु १,००,०००।– धरौटी माग गरि भएको आदेश बेरितको देखिंदा बदर भागी छ।<br>(ण) नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन उप-महानिर्देशक सुमन कुमार श्रेष्ठको हकमा हेर्दा निज प्रतिवादीले नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०६९।११।०४ मा भएको निर्णयको अपव्याख्या गरी वार्ता गर्ने समेतको प्रस्ताव स्वीकृत भएको भनी China CAMC लाई २६ फेब्रुअरी २०१३ मा पत्र पठाएको, Feasibility Study Report तयार गर्ने अनुमति दिँदै China CAMC लाई १७ मार्च २०१४ मा पत्र पठाएको, विमानस्थल निर्माणको लागि लागत बढ्ने बेहोरा समेत उल्लेख भएको Feasibility Study Report माथि जुलाई ९-१६,२०१३ सम्म China CAMC कै प्रतिनिधिसंग छलफल/बैठक गरी सो Feasibility Study Report लाई स्वीकार गरेको, Bidding Document मा भएका सर्त, BoQ Items र Modality लाई समेत परिवर्तन गरी Draft Commercial Agreement लाई अन्तिम स्वरुप दिन China CAMC कम्पनीसँग वार्ता गरी २१५.९६५ मिलियन अमेरिकी डलर (भ्याट बाहेक) सम्झौता रकम कायम गर्न मिति २०७१/०१/२३ मा सिफारिस सहित प्रतिवेदन पेस गरेको र सोही प्रतिवेदनसाथ पेस भएको मस्यौदा अनुसार नै २१५.९६५ मिलियन अमेरिकी डलर (भ्याट बाहेक) कायम गरी निर्माण व्यवसायी China CAMC कम्पनीसँग मिति २०७१/०२/०८ (२२ मे २०१४) मा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | Commercial Contract Agreement गरेको देखिन्छ। यसरी यी प्रतिवादीले China CAMC Engineering Co.Ltd., तथा अन्य प्रतिवादीहरुसँग मिलेमतो गरि मनासिब कारण बिना लागत अनुमान अस्वभाविक रूपमा बढाई संशोधन गरी काम गर्ने गराउने, अस्वभाविक रूपमा बढी मूल्य तिरी निर्माण खरिद गर्ने गराउने कार्य गरि बोलपत्र आह्वान गर्दाको बखत स्वीकृत लागत अनुमान १६९,६९७,०००.०० अमेरिकी डलर भन्दा अस्वभाविक रुपमा लागत अनुमान २१५.९६५ मिलियन अमेरिकी डलर (भ्याट बाहेक) अर्थात ७४,३४३,४५०.०० अमेरिकी डलर बढाई संशोधन गरी गराई २४४,०४०,४५०.०० अमेरिकी डलर लागत अनुमान कायम गरी गराई नेपाल नागरिक उड्डयन प्राधिकरणलाई रु.८,३६,७३,५५,२९७।५० (अक्षरेपि आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रुपैयाँ पचास पैसा) नोक्सानी पुर्याएको तथ्य स्थापित भई रहेको अवस्था देखिंदा देखिंदै उक्त कार्यमा संलग्न यि प्रतिवादी सुमन कुमार श्रेष्ठलाई विशेष अदालत ऐन २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्नेमा रु १,००,०००।– धरौटी माग गरि भएको आदेश बेरितको देखिंदा बदर भागी छ।<br>(त) भन्सार विभागका तत्कालीन महानिर्देशक एवं नेपाल नागरिक उड्डयन प्राधिकरण सञ्चालक समितिका सदस्य सूर्य प्रसाद आचार्यको हकमा हेर्दा निज प्रतिवादीले आफ्नो ओहोदाको दुरुपयोग गरी परामर्शदाता टोलीको प्रतिवेदन बमोजिमको संशोधित लागत अनुमान २१५.९६५ मिलियन अमेरिकी डलर अनुरुप China CAMC संग कार्य अगाडि बढाउन नेपाल सरकारको स्वीकृतिका लागि मन्त्रालयमा पठाउने मिति २०७०/०७/२९ मा सञ्चालक समितिबाट निर्णय गरे गराएको, मन्त्रालयको निर्देशन बमोजिम महानिर्देशकले परियोजना सम्बन्धी आवश्यक कार्य अगाडि बढाउने भनी मिति २०७०/१२/२४ मा सञ्चालक समितिबाट निर्णय गरे गराएको, Commercial Agreement को मस्यौदा सम्बन्धमा मिति २०७०/१२/२४ को निर्णय भैसकेकोले सञ्चालक समितिबाट थप निर्णय गरिरहनु परेन भनी मिति २०७१/०२/०५ मा निर्णय गरे गराएको देखिन्छ। पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | निर्माण खरिद सम्बन्धी घट्नाक्रमका बारेमा साविक देखि नै जानकार रहेका यी प्रतिवादीले निर्णय प्रक्रियाका विभिन्न चरणहरुमा संलग्न भई प्रतिवादी China CAMC Engineering Co.Ltd., तथा अन्य प्रतिवादीहरुसँग मिलेमतो गरि मनासिब कारण बिना अस्वभाविक रूपमा लागत अनुमान बढाई संशोधन गरी प्राधिकरणको स्वीकृत लागत अनुमान १६९,६९७,०००.०० अमेरिकी डलर भन्दा अस्वभाविक रुपमा लागत अनुमान २१५.९६५ मिलियन अमेरिकी डलर (भ्याट बाहेक) कायम गरि गराई नेपाल नागरिक उड्डयन प्राधिकरणलाई रु.८,३६,७३,५५,२९७।५० (अक्षरेपि आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रुपैयाँ पचास पैसा) नोक्सानी पुर्याएको तथ्य स्थापित भई रहेको अवस्था देखिंदा देखिंदै उक्त कार्यमा संलग्न यि प्रतिवादी सूर्य प्रसाद आचार्यलाई विशेष अदालत ऐन २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्नेमा साधारण तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्ने गरि भएको आदेश बेरितको देखिंदा बदर भागी छ।<br>(थ) नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन महानिर्देशक एवं सञ्चालक समितिका सदस्य-सचिव त्रिरत्न मानन्धरको हकमा हेर्दा निज प्रतिवादीले आफ्नो पद तथा ओहोदाको दुरुपयोग गरी मूल्याङ्कन समितिले कुनै पनि बोलपत्रहरुको प्राविधिक योग्यता नपुगेको भनी प्रतिवेदन दिएकोमा उक्त बोलपत्रहरुउपर कुनै कारबाही नगर्ने भनी निर्णय गर्नुपर्ने बाध्यकारी कानुनी प्रावधान विपरीत सञ्चालक समितिको सदस्य सचिव/प्राधिकरणको महानिर्देशकको हैसियतमा उपस्थित बैठकबाट उक्त योग्यता नपुगेका वोलपत्रहरुको आर्थिक प्रस्ताव खोली मूल्याङ्कन गर्न र मूल्याङ्कन गर्दा सवैभन्दा कम कबोल गर्ने कम्पनीको प्रस्ताव परियोजना कार्यान्वयन गर्न, गराउन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मार्फत अर्थ मन्त्रालयमा पठाउने भनी मिति २०६९/०३/३१ मा निर्णय गरे गराएको, लागत अनुमान भन्दा धेरै बढी बोल अंक भएकोले सारभूत रुपमा प्रभावग्राही नभएको China CAMC को बोलपत्रमा वार्ताद्वारा स्वीकृतिका लागि नेपाल सरकार मन्त्रिपरिषद्मा पेस गर्ने गरी मिति २०६९/१०/१५ मा निर्णय गरे गराएको देखिन्छ। यसरी प्रस्तुत मुद्दामा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | साबिक देखिका पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण खरिद सम्बन्धी घट्नाक्रमका बारेमा यी प्रतिवादीलाई निज संलग्नभई गरेका माथि उल्लिखित कार्य कसूरमा संलग्न हुँदा र विषय सन्दर्भ अध्ययन गरी आफ्नो तहबाट निर्णय प्रक्रियामा संलग्न भई कार्य अगाडि बढाउँदा खरिद कार्यको शुरु चरण देखिका कार्य कसूर भए गरेको थाहा जानकारी हुँदाहुँदै जानी बुझी बद्नियत राखी यी प्रतिवादीले China CAMC Engineering Co.Ltd., तथा अन्य प्रतिवादीहरुसँग गैरकानूनी स्वार्थ पूरा गर्न मिली सोही अनुरुप मनासिब कारण बिना लागत इष्टिमेट अस्वभाविक रूपमा बढाई संशोधन गरी काम गर्ने गराउने, अस्वभाविक रूपमा बढी मूल्य तिरी खरिद गर्ने गराउने कार्य कसूरलाई निज राष्ट्रसेवकले आफ्नो पद तथा ओहोदाको दुरुपयोग गरी गराई निरन्तरता दिई निज आफू समेत संलग्न रहेको मिसिल संलग्न एवं माथि उल्लिखित एवं विवेचित सवूद प्रमाणबाट पुष्टी भएको देखिन्छ। प्रतिवादीको सोही कार्य कसूरको आधारमा अगाडि बढेको खरिद कारबाहीको परिणामस्वरुप बोलपत्र आह्वान गर्दाको बखत स्वीकृत लागत अनुमान १६९,६९७,०००.०० अमेरिकी डलर भन्दा अस्वभाविक रुपमा लागत अनुमान ७४,३४३,४५०.०० अमेरिकी डलर बढाई संशोधन गरी गराई २१५.९६५ मिलियन अमेरिकी डलर (भ्याट बाहेक) २४४,०४०,४५०.०० अमेरिकी डलर लागत अनुमान कायम गरी गराई कायम गरि गराई नेपाल नागरिक उड्डयन प्राधिकरणलाई रु.८,३६,७३,५५,२९७।५० (अक्षरेपि आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रुपैयाँ पचास पैसा) नोक्सानी पुर्याएको तथ्य स्थापित भई रहेको अवस्था देखिंदा देखिदै उक्त कार्यमा संलग्न यि प्रतिवादी त्रिरत्न मानन्धरलाई विशेष अदालत ऐन २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्नेमा साधारण तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्ने गरि भएको आदेश बेरितको देखिंदा बदर भागी छ।<br>५.६ अपराध अनुसन्धानको क्रममा "पिरामिड शैलीमा" तहगत जिम्मेवारीको आधारमा कसूरजन्य कार्यमा संलग्न माथिल्लो तहको पदाधिकारी वा अधिकारीको पदसोपान समेतको आधारमा अनुसन्धान गर्नु पर्ने भनि सम्मानीत सर्वोच्च अदालतवाट मुद्दा नं.०८०-WH-००१५ मा प्रतिपादित |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | नजिर सिद्धान्त प्रतिपादन भएको परिप्रेक्ष्यमा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण खरिद सम्बन्धी कार्यमा लागत अनुमान बढाई भ्रष्टाचारजन्य कसुरको विभिन्न तह र चरणहरुमा भएका गैर कानूनी निर्णयमा संलग्न यि प्रतिबादीहरु लाल बहादुर खत्री, कमल कुमार भट्टराई, हंसराज पाण्डेय, कुल प्रसाद सिंखडा, द्वारिका प्रसाद भट्टराई, सुरेशमान श्रेष्ठ, सुरेश आचार्य, दिपक चन्द्र अमात्य, मोहनकृष्ण सापकोटा, मधुकुमार मरासिनी, प्रेम नाथ उपाध्याय, सुमन प्रसाद शर्मा, रामचन्द्र सुवेदी, भेषराज शर्मा सूर्य प्रसाद आचार्य र त्रिरत्न मान्नधर,सुशिल घिमिरे सुमन कुमार श्रेष्ठ र रञ्जन कृष्ण अर्याललाई विशेष अदालत ईन २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम थुनामा राखि मुद्दाको पुर्पक्ष गर्नु पर्नेमा अधिकांश प्रतिवादीहरुलाई साधारण तारेख र सोही स्तरका केही प्रतिवादीहरुको हकमा अत्यान्त न्युन धरौटी माग गरि विशेष अदालत काठमाण्डौ वाट भएको थुनछेक आदेश बेरितको हुदाँ बदर भागी छ।<br>५.७ प्रस्तुत मुद्दाको थुनछेकको आदेश गर्ने क्रममा समानस्तरका प्रतिवादीहरु सुशिल घिमिरेको हकमा रु.१,५०,०००/- र सुमन कुमार श्रेष्ठ र रञ्जन कृष्ण अर्याल हकमा जनही रु.१,००,०००/-का दरले सामान्य धरौटी माग गरि सो सरहका अन्य प्रतिवादीहरु लाल बहादुर खत्री, कमल कुमार भट्टराई, हंसराज पाण्डेय, कुल प्रसाद सिंखडा, द्वारिका प्रसाद भट्टराई, सुरेशमान श्रेष्ठ, सुरेश आचार्य, दिपक चन्द्र अमात्य, मोहनकृष्ण सापकोटा, मधुकुमार मरासिनी, प्रेम नाथ उपाध्याय, सुमन प्रसाद शर्मा, रामचन्द्र सुवेदी, भेषराज शर्मा सूर्य प्रसाद आचार्य र त्रिरत्न मान्नधरको हकमा साधारण तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी आदेश गर्नु थुनछेक सम्वन्धी सामान्य सिद्धान्त विपरीत रही बेरितको आदेश भएको तथ्य स्पष्टै देखिन्छ। यसै सन्दर्भमा सम्मानित सर्बोच्च अदालतबाट ने.का.प. २०५२ अंक ६ निर्णय नं. ६०१६ (मान बहादुर तामाङ बि. काठमाण्डौ जिल्ला अदालत समेत भएको) र ने.का.प. २०५४ अंक अंक ७ नि.नं. ६४०४ (काली प्रसाद खनाल समेत बिरुद्ध जिल्ला सरकारी वकील कार्यालय इनरुवा) मुद्दामा “वारदातमा समान तथ्य र परिस्थिति भएको तथा समान संलग्नता भएका प्रतिवादीहरुको हकमा समान आदेश हुनुपर्ने” भनी प्रतिपादन सिद्धान्त समेतको आधारमा विशेष अदालतवाट भएको उक्त |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | आदेशहरु बेरितको देखिंदा बदरभागी छ।<br>५.८ विशेष अदालतवाट थुनछेक आदेश गर्दा अपराधको प्रकृति र गाम्भिर्यता, कसूरमा प्रतिवादीहरुको संलग्नता, कसूर गर्दाको परिस्थिति, प्रतिवादीहरुले प्रमाण लोप गर्न र नयाँ कृतिम प्रमाण सृजना गर्न सक्ने अवस्था, पीडित तथा साक्षीको सुरक्षा, घटनाले समाजमा पारेको प्रभाव एवं सामाजिक आक्रोश, अदालतमा प्रतिवादीहरुको उपस्थितीको सुनिश्चितता, निजहरुलाई हुन सक्ने सजाय एवं फैसला कार्यान्वयनको अवस्था, स्वेच्छाचारी सरकारी काम कारवाहीको नियन्त्रण समेतका सिद्धान्तलाई मध्यनजर गरी सोमा अनुपातिक न्याय (Proportionality), प्रतिवादीहरुको कसूरमा संलग्नता र निजहरु विरुद्धको प्रमाण बीच समान ब्याख्या एवं मूल्याङ्कन कायम गरी थुनछेक आदेश गर्नु पर्नेमा यि प्रतिवादी विरुद्धका प्रमाण एवं निजहरुले लिखित रुपमा गरेका विभिन्न कार्यालयगत निर्णयहरु नजरअन्दाज गरी आत्मगत रुपमा केही प्रतिवादीहरुको हकमा विगोको तुलनामा अत्यन्त न्युन धरौटी माग गर्ने तथा अन्य केही प्रतिवादीहरुको हकमा साधारण तारेखमा राख्ने गरी भएको विशेष अदालतको उल्लिखित थुनछेक आदेश प्रारम्भिकरुपमै बेरितको देखिंदा बदर भागी छ।<br>५.९ थुनछेक आदेशका सन्दर्भमा विशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय (ग) मा मुद्दाको कुनै पक्षलाई तारिखमा राखी पुर्पक्ष गर्ने वा आवश्यक परेका बखत झिकाउने वा खास समयमा हाजिर हुने गरी तारेखमा नराखी पुर्पक्ष गर्ने, देहाय (घ) मा तत्काल प्राप्त प्रमाणबाट कुनै अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्नुपर्ने नदेखिएमा निजसँग निजले हानी नोक्सानी गरेको विगो वा गैरकानूनी रुपमा लिएको रकम र निजलाइ हुन सक्ने कैद र जरिवाना समेतलाई दृष्टिगत गरी धरौटी वा जमानत माग्ने, देहाय (ङ) मा तत्काल प्राप्त प्रमाणका आधारमा अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्नुपर्ने पर्याप्त र मनासिव कारण भएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि निजलाइ थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने कानूनी ब्यवस्था रहेको देखिन्छ भने विशेष प्रकृतिको कसूर भ्रष्टाचार मुद्दामा बिशेष प्रकृतिको कार्यबिधि नै पालना गर्नु पर्ने बिधायिकिय मनसाय रहेको देखिन्छ। उपरोक्त कानूनी ब्यवस्था अनुसार थुनछेक आदेश गर्दा तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने भएमा; (Prima facie Evidence), प्रमाण ऐन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | २०३१ को दफा १८ र विशेष अदालत ऐन २०५९ को दफा ७ को देहाय (घ) र (ङ) मा उल्लेख भए अनुसार कानून बमोजिम अधिकार प्राप्त अधिकारीले संकलन गरेका प्रमाणहरु अदालतमा विधि सम्मत रुपमा प्रस्तुत भई कानून बमोजिम अधिकार प्राप्त अधिकारीले संकलन गरेका सबै प्रमाणहरु तत्काल प्राप्त प्रमाण हुने र ति प्रमाणका आधारमा कसूरदार हो भन्ने विश्वास गर्नसक्ने मनासिब आधार भएमा न्यायिक मूल्याङ्कन गर्नुपर्ने गरी कानूनमा न्यायिक अधिकारीलाई स्पष्ट गरको देखिन्छ। यसरी मनासिव आधार बस्तुनिष्ट, विश्वासनिय, स्वतन्त्र, निर्विवाद र स्वयंसिद्ध प्रमाणबाट पुष्टि हुनुपर्ने, प्रमाण स्वतन्त्र निष्पक्ष तवरवाट प्रक्रिया सम्मत तरिकाले (Due process of law) संकलन भएको हुनुपर्ने अवस्थालाई कानून मै उल्लेख भए बमोजिम प्रस्तुत मुद्दामा आरोपत्रसाथ पेश भएका सवूद प्रमाणलाई विशेष अदालतबाट थुनछेक आदेश गर्दा न्यायिक तवरले अध्ययन ब्याख्या विश्लेषण भएको देखिदैन। बिधायिकाले कानून निर्माण गर्दा जघन्य अपराधमा कुनै पनि अभियुक्तलाई मुद्दाको पुर्पक्षको लागी थुनामा नै राखेर मुद्दाको कारवाही गर्नु पर्छ भन्ने मनसाय रहेको देखिन्छ भने गम्भिर प्रकृतिको अपराधमा केबल आर्थिक धरौटीको माध्यमबाट स्वतन्त्रता दिँदा समाजमा गलत सन्देश जाने र बिधिको शासन कमजोर हुन्छ। समाज र राष्ट्रलाई गम्भीर असर पार्ने कसूरमा तत्काल प्रमाणबाट कसूरदार पुष्टि भएको अभियुक्तहरूलाई निर्दोषताको अनुमानका आधारमा छौड्दै जाने हो भने फौजदारी न्याय ब्यबस्था सञ्चालन हुन नसक्ने अवस्था पैदा हुन सक्छ। यसै सन्दर्भमा सम्मानित सर्बोच्च अदालतबाट "समाज र राष्ट्रलाई गम्भीर असर पार्ने फौजदारी कसूर गरेको आरोप लागी अदालत समक्ष पेश गरिएका र तत्काल प्राप्त प्रमाणबाट सो अबस्था पुष्टि भएका अभियुक्तहरूलाई निर्दोषिताको अनुमानको आडमा छाड्दै जाने हो भने फौजदारी न्याय प्रशासनले कार्य गर्न नसक्ने भनी ने.का.प २०६६ क ८ नि.नं. ८२०२ मा नजिर सिद्धान्त समेत प्रतिपादन भएको देखिंदा सार्वजनिक निकाय नेपाल नागरिक उड्डयन प्राधिकरणलाई रु.७४,३४३,४५०.०० अमेरिकी डलर (अक्षेरेपि सात करोड त्रिचालिस लाख त्रिचालिस हजार चार सय पचास अमेरिकी डलर)अर्थात रु.८,३६,७३,५५,२९७।५० (अक्षेरेपि आठ अर्ब छत्तीस करोड त्रिहत्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | लाख पचपन्न हजार दुईसय सन्तानब्बे रुपैयाँ पचास पैसा) नोक्सानी पुर्याउने यि प्रतिवादीहरु लाल बहादुर खत्री, कमल कुमार भट्टराई, हंसराज पाण्डेय, कुल प्रसाद सिंखडा, द्वारिका प्रसाद भट्टराई, सुरेशमान श्रेष्ठ, सुरेश आचार्य, दिपक चन्द्र अमात्य, मोहनकृष्ण सापकोटा, मधुकुमार मरासिनी, प्रेम नाथ उपाध्याय, सुमन प्रसाद शर्मा, रामचन्द्र सुवेदी, भेषराज शर्मा सूर्य प्रसाद आचार्य र त्रिरत्न मान्नधरलाई बिशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय (ग) बमोजिम साधारण तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी र प्रतिवादी मध्येका सुशिल घिमिरेको हकमा बिशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय (घ) बमोजिम रु.१,५०,०००/- र सुमन कुमार श्रेष्ठ र रञ्जन कृष्ण अर्याल हकमा सोही ऐनको दफा ७ को देहाय (घ) बमोजिम जनही रु.१,००,०००/- धरौटी लिई मुद्दाको पुर्पक्ष गर्ने गरी भएको आदेश बेरितको हुदाँ बदर भागी छ।<br>अतः माथि बिबेचित आधार, कारण, कानूनी व्यवस्था एवं नजिर सिद्धान्त समेतका आधारमा यी प्रतिबादीहरू प्रतिवादीहरु लाल बहादुर खत्री, कमल कुमार भट्टराई, हंसराज पाण्डेय, कुल प्रसाद सिंखडा, द्वारिका प्रसाद भट्टराई, सुरेशमान श्रेष्ठ, सुरेश आचार्य, दिपक चन्द्र अमात्य, मोहनकृष्ण सापकोटा, मधुकुमार मरासिनी, प्रेम नाथ उपाध्याय, सुमन प्रसाद शर्मा, रामचन्द्र सुवेदी, भेषराज शर्मा सूर्य प्रसाद आचार्य र त्रिरत्न मान्नधर, सुशिल घिमिरे सुमन कुमार श्रेष्ठ र रञ्जन कृष्ण  अर्याल समेतले  नेपाल सरकार, सार्बजनिक निकाय नेपाल नागरिक उडयन प्राधिकरणलाई बदनियतपूर्वक रु.७,४३,४३,४५०.०० अमेरिकी डलर (अक्षेरुपि सात करोड त्रिचालिस लाख त्रिचालिस हजार चार सय पचास अमेरिकी डलर) अर्थात रु.८,३६,७३,५५,२९७।५० (अक्षेरुपि आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रुपैयाँ पचास पैसा) नोक्सानी पुर्याएको तथ्य तत्काल प्राप्त प्रमाणबाट पुष्टि भएको देखिंदा निज प्रतिबादीहरूलाई विशेष अदालत ऐन २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम पुर्पक्षको क्रममा थुनामा राखि मुद्दाको कारवाही हुनु पर्नेमा निज प्रतिवादीहरु विरुद्धका उपरोक्त उल्लिखित तत्काल प्राप्त प्रमाण र कसूरदार हो भन्ने मनासिव आधारहरुको विश्लेषण नगरि प्रतिवादीहरु लाल बहादुर खत्री, कमल कुमार भट्टराई, हंसराज पाण्डेय, कुल प्रसाद सिंखडा, द्वारिका |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्रसाद भट्टराई, सुरेशमान श्रेष्ठ, सुरेश आचार्य, दिपक चन्द्र अमात्य, मोहनकृष्ण सापकोटा, मधुकुमार मरासिनी, प्रेम नाथ उपाध्याय, सुमन प्रसाद शर्मा, रामचन्द्र सुवेदी, भेषराज शर्मा, सूर्य प्रसाद आचार्य र त्रिरत्न मान्नधरलाई बिशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय (ग) बमोजिम साधारण तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी र प्रतिवादी मध्येका सुशिल घिमिरेको हकमा बिशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय (घ) बमोजिम रु.१,५०,०००/- र सुमन कुमार श्रेष्ठ र रञ्जन कृष्ण अर्यालको हकमा सोही ऐनको दफा ७ को देहाय (घ) बमोजिम जनही रु.१,००,०००/- धरौटी लिई मुद्दाको पुर्पक्ष गर्ने गरी भएको उक्त आदेश बेरितको देखिंदा सो बेरितको आदेश बदर गरी प्रतिवादीहरुलाई विशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गरी पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध गरिन्छ। |